# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन

# २०७९

शिवपुरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, शेरावगर नुवाकोट
बागमती प्रदेश, नेपाल ।

# शिवपुरी गाउँपालिकाको लैङ्गिक समानता तथा  सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन २०७९




दस्तावेज : शिवपुरी गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन २०७९

प्रकाशक : शिवपुरी गाउँपालिकाको कार्यालय, शेरावगर, नुवाकोट नेपाल

इमेल shivapuri.rmun@gmail.com

सर्वाधिकार : प्रकाशकमा

सहजकर्ता : इन्नोभेटिभ डेभलपमेन्ट एण्ड रिसर्च एलाइन्स प्रा.लि. (IDEA), ललितपुर

सम्पर्क नं. ९८५८७५१७३४, इमेल: ideapvtltd2021@gmail.com

# विषयसूची


खण्ड एक : परिचय ........ १

१ पृष्ठभूमि ........ १

२ अध्ययनको महत्व ........ २

३ लैंङ्गीक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको उद्देश्यहरु ........ ३

४ लैससास परीक्षणले समेट्ने क्षेत्रहरु ........ ३

५ लैससास परीक्षणको विधि र तरिका ........ ५

६.लैससास परीक्षणका सहभागिहरु ........ ५

खण्ड दुई : तथ्य, प्रस्तुतिकरण ........ 6

७.तथ्याँक प्रस्तुतिकरण र ब्याख्या (विभिन्न तालिकाहरुमा) ........ ६

खण्ड तीन : अवस्था विश्लेषण ........ 42

८ लैससास परीक्षण एंव विश्लेषण औजारहरु ........ ४३

खण्ड चार : मुख्य उपलब्धी ........ 44

९.१ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका मुख्य प्राप्तिहरु ........ ४४

९.२ परीक्षण पश्चात सूचकहरुले प्राप्त गरेका अंक ........ ४९

९.३ माकुरे जालो ........ ४९

१०. गाउँपालिकाको लैससास दृष्टिकोणबाट सवल पक्ष र सुधार गर्नुपर्ने पक्षहरु ........ ५०

११. लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्य योजना ........ ५५

१२. निष्कर्ष तथा सुझाव ........ ६१

# शिवपुरी गाउँपालिका
# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण प्रतिवेदन, २०७९

## खण्ड एक : परिचय

### १. पृष्ठभूमि

**गाउँपालिकाको परिचय :**

नुवाकोट जिल्लाको दक्षिण पूर्वी भागमा अवस्थित शिवपुरी गाउँपालिका साविकका तलाखु, छाप, लिखु, सिक्रे, महाकाली, समुन्द्रादेवी, सुनखानी र थानपति गाविस समाबेश गरि ८ वटा वडामा विभक्त रहेको छ। भौगोलिक हिसाबले २७ डिग्री ४८ मिनेट ३२ सेकेण्ड देखि २७ डिग्री ५३ मिनेट २९ पूर्वी अक्षांस र ८५ डिग्री १८ मिनेट ११ सेकेण्ड देखि ८५ डिग्री २४ मिनेट ५१ सेकेण्ड पूर्वी देशान्तरमा फैलिएर रहेको छ। कूल क्षेत्रफल १०१.५१ वर्ग किलोमिटर रहेको यस गाउँपालिका सामुन्द्रिक सतहको ६२० मिटर देखि २५२१ मिटरको उचाईमा रहेको छ। शिवपुरी गाउँपालिकाको कार्यालय वडा नं. ५ को शेराबगरमा रहेको छ। गाउँपालिकाको केन्द्र जिल्लाको सदरमुकाम विदुर देखि ३० कि.मी. र राजधानी काठमाण्डौं देखि ४० कि.मी.को सडकको दुरीमा रहेको छ। गाउँपालिकाको पूर्वमा सिन्धुपाल्चोक जिल्ला, पश्चिममा पञ्चकन्या, लिखु र ककनी गाउँपालिका, उत्तरमा पञ्चकन्या र दुप्चेश्वर गाउँपालिका र दक्षिणमा शिवपुरी राष्ट्रिय निकुञ्ज पर्दछ।

परापूर्वकालमा भगवान शिवको क्रिडास्थलको रुपमा रहेको र पवित्र मानिएको यस भूमिमा भगवान शिवको आराधना र तपस्याको लागि ऋषि, महर्षि र तपस्वीहरु आउने गरेको जनविश्वास रहेको छ। भगवान शिवको वसोवास गरेको क्षेत्रका रुपमा धार्मिक महत्व रहेको यस क्षेत्रलाई शिवपुरी भनिने गरिएको थियो। यहि शिवपुरी शब्दबाट नै गाउँपालिकाको नाम शिवपुरी रहन गएको हो। यस गाउँपालिका शिवपुरी राष्ट्रिय निकुञ्जसँग जोडिएको मात्र नभई नुवाकोट जिल्लाको ऐतिहासिक तथा धार्मिक रुपले महत्वपूर्ण भूमिका रुपमा रहेको छ।

शिवपुरी गाउँपालिका प्रदेश नं. ३ अन्तरगत नुवाकोट जिल्लामा रहेको छ। कूल १२ वटा स्थानीय तह मध्ये दक्षिण पूर्वी भुभागमा अवस्थित यो गाउँपालिका प्रतिनिधी सभा निर्वाचन प्रयोजनका लागि निर्धारण गरिएका २ वटा क्षेत्रहरु मध्ये क्षेत्र नं. १ मा अवस्थित रहेको छ। साविक ८ वटा वडा मिलेर बनेको गाउँपालिकाको केन्द्र शेराबगरमा अवस्थित रहेको छ। गाउँपालिकामा ८ वडा विद्यमान रहेका छन्।

गाउँपालिकामा जातजातिगत रुपमा ब्राम्हण, क्षेत्री, तामाङ्ग, गुरुङ्ग, नेवार, दलित लगायतको समुदायको सहिष्णुतायुक्त बसोवास रहेको छ। विभिन्न समुदायका चाडपर्व, रितिरिवाज, परम्पराका कारण आफैमा अनुपम रहेको यस क्षेत्रमा हिन्दु एवं बौद्धमार्गीहरुका ऐतिहासिक पक्षहरुसँग जोडिएका प्रसिद्ध मन्दिर र गुम्बाहरु रहेका छन्।

यस गाउँपालिकामा रहेका विभिन्न धार्मीक स्थलको कारणले यस क्षेत्रमा वर्षेनी हजारौ संख्यामा आन्तरिक तथा बाह्य पर्यटकहरुको आगमन भइरहेको देखिन्छ। महत्वपुर्ण धार्मिक सम्पदाका रुपमा शिवालय मन्दिर, छ्याङ्गडोङ्ग गुम्बा, भेनापोङ्ग गुम्बा, छोरचेन गुम्बा, विष्णुदेवी मन्दिर, महांकाल मन्दिर, मंकलादेवी थान, महाकाली मन्दिर, ताप्केटार गुम्बा, नारायणथान मन्दिर कुण्डलादेवी मन्दिर, डुडेमहादेवथान मन्दिर, जेब्राङ्ग छोलुङ्ग गुम्बा, छेङ्गराङ्ग छोलुङ्ग गुम्बा, नरसिंह घाट, गणेशकाली मन्दिर , कर्माछोलिङ्ग गुम्बा, समुन्द्रदेवी मन्दिर, डोगुंडो गुम्बा, घर्मिनदेवी मन्दिर, थानापति मन्दिर, निग्चे गुम्बा, पेमा छैले गुम्बा, घ्याम्पेश्वर महादेव मन्दिर आदि रहेका छन्।

तामाङ तथा नेपाली भाषा मुख्य रुपमा रहेको यस क्षेत्रमा तामाङ जातिको मौलिक चालचलन तथा भेषभुषासहित हिन्दु साँकृतिक अभ्यास उत्कृष्ट सम्पदाका रुपमा रहेको छ।

प्राकृतिक श्रोतको अवस्था हेर्दा प्रशस्त कृषियोग्य जमिन रहेको यस गाउँपालिकाको कुल क्षेत्रफल १०१.५ मध्ये ६६.८० प्रतिशत कृषियोग्य जमिन र २९.४५ प्रतिशत वनजंगल र बुट्यान रहेको छ। त्यसैगरी, पानीले ओगटेको भाग ०.२० तथा चट्टानी भाग ०.१४ प्रतिशत भाग रहेको देखिन्छ।

शिवपुरी गाउँपालिकाले प्रत्येक समुदाय, जातजातिहरुको समानुपातिक सन्तुलित र न्यायोचित प्रगति हुन सके मात्रै गाउँपालिकामा समृद्ध र दिगो विकासयुक्त पालिका बन्नेमा दृढ छ। समाजमा विद्यमान लैङ्गिक, जातीय असमानता, विभेदयुक्त व्यवहार र मान्यता, महिला हिंसा, महिला शोषण तथा उत्पीडन, गरिवी आदि जस्ता विसंगतिहरुलाई निरुत्साहित गर्न शिवपुरी गाउँपालिकाले सरकारी, गैर सरकारी क्षेत्र, निजी क्षेत्र तथा नागरिक समाज र दातृ निकाय समेतको सहयोग परिचालन गरी उल्लेख्य कार्यहरु गर्दै आएको छ।

नेपालको संविधान २०७२ को राज्यका निर्देशक सिद्धान्तहरू अन्तर्गत नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई सर्वोपरि राख्दै नागरिकको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गरी कानूनको शासन, मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता, लैङ्गिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्ने उल्लेख छ। यस सिद्धान्तलाई आत्मसात गर्दै शिवपुरी गाँउपालिकाकाले सोहि अनुरुप आफना कार्यक्रमहरु सञ्चालन मार्फत सेवा तथा सहयोग उपलब्ध गराउदै आएको छ।

नेपालको संविधान २०७२ ले राज्यको नीति अन्तर्गत सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति अन्तर्गत असहाय अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिंदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने, जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुनःस्थापना, संरक्षण, सशक्तीकरण गरी स्वावलम्बी बनाउने, प्रजनन अवस्थामा आवश्यक सेवा सुविधा उपभोगको सुनिश्चितता गर्ने, बालबच्चाको पालन पोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिक रूपमा मूल्यांकन गर्ने, बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिने लगायत  जस्ता अधिकारको सुनिश्चितताका लागि कार्य गर्न व्यवस्था गरेको छ।

महिला, दलित, आदिवासी जनजाति, मधेसी, उत्पीडित, उपेक्षित र अल्पसङ्ख्यक समुदाय र पिछडिएका क्षेत्र लगायतले भोग्नु परेका समस्यालाई सम्बोधन गर्न राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी महिला र पुरुषबीच भेदभाव गर्न नहुने वा गर्न नपाईने भन्ने स्पष्ट व्यवस्था भएपनि व्यवहारमा पुर्णरुपमा लागू हुनसकेको छैन। संविधानसभाबाट नयाँ निर्माण भएको नेपालको संविधान २०७२ मा महिलाको हक, अधिकार संरक्षण गर्न प्रष्ट प्रावधान समेत राखिएको छ। तसर्थ यसरी निर्माण हुने संविधान, ऐन, नियम,नीतिलाई सहयोग पुऱ्याउन स्थानीय तहहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण प्रक्रियालाई तीब्रता प्रदान गर्न आवश्यक छ।

संघीयताको मर्म अनुरुप स्थानीय तहको गहन जिम्मेवारीलाई बहन गर्न हरेक स्थानीय तह आफै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिकोणबाट सक्षम र संवेदनशील हुन आवश्यक छ। स्थानीय तहको कार्यलाई अझ बढी प्रभावकारी बनाउन संस्थामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण स्थितिको पहिचान र योजनाबद्ध तवरबाट परीक्षण प्रकृयालाई संस्थागत गर्न लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण आवश्यक भएकोले शिवपुरी गाउँपालिकाले लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन २०७८ अनुसार गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण कार्य सम्पन्न गरेको छ।

## २. अध्ययन्को महत्व

गाउँपालिकामा बसोबास गर्ने सबै जातजाति र वर्गमा विकासको समान प्रतिफल पुऱ्याउने कार्यमा गाउँपालिकाको महत्वपुर्ण भूमिका रहेको हुन्छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले महिला, जनजाति, आदिवासी, दलित, सामाजिक, आर्थिक रुपमा बञ्चित समूहहरुको सहभागितालाई बढाएर विकासको प्रक्रियालाई संस्थागत गर्ने पक्षमा जोड

दिइ आफ्नो क्षेत्रको विकासका लागि साधनहरुको परिचालन र बाँडफाँडद्वारा सामाजिक समानता ल्याउने उद्धेश्य राखेको छ। सोही अनुसार स्थानीय तहले बिभिन्न खाले कार्यक्रमहरु सञ्चालन गर्दै आईरहेको छ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रकृया आफैमा एउटा सहभागितामुलक स्वमूल्याङ्कन भएकोले गाउँपालिकामा कार्यरत कर्मचारी तथा निर्वाचित पदाधिकारीहरुको व्यक्तिगत तथा संस्थागत कृयाकलापहरुलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा काम गर्न उत्साह जगाउँछ। साथै यस प्रक्रियामा संलग्न कर्मचारीहरुलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण पक्षमा उत्तरदायी हुने तर्फ पनि उन्मुख गराउछ।

यस प्रक्रियाले स्थानीय तहको लैङ्गिक मूलप्रवाहीकरण तथा महिला सशक्तिकरण सम्बन्धी कार्यक्रममा प्रभावकारिता बढाउन र संस्थागत अपनत्वको भावना जगेर्ना गर्न पनि सघाउने हुन्छ। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणद्वारा कार्यक्रम तथा बजेटको विश्लेषण गरी आगामी वर्षको कार्यक्रम तथा बजेटलाई लैससास दृष्टिकोणबाट तय गर्न तथा बजेट विनियोजन गर्न समेत सघाउ पुऱ्याउँदछ।

## ३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणको उद्देश्यहरु

(क) लैङ्गिक समानता तथा समाजिक समावेशीकरण परीक्षण मार्फत गाउँपालिकाको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला र सामाजिक रुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरुलाई समावेश गरि, लैङ्गिक समानता र सबै जातजाती तथा समुदायको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक अन्तर तथा सामाजिक विभेद प्रभावलाई सम्बोधन गर्दै लैङ्गिक मूलप्रवाहिकरण र सशक्तिकरण गर्दै लैजाने।

(ख) महिला र सीमान्तकृत समूहहरुलाई समावेश गरि उनीहरुको योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिवृद्धि गरी गाउँपालिकाको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने।

(ग) गाउँपालिकाको सवै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याङ्कन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने।

(घ) स्थानीय तहको दीर्घकालिन, आवधिक र बार्षिक योजनामा लैंङ्गिक मूलप्रवाहीकरणलाई संस्थागत गर्न।

(ङ) समावेशीकरणको लक्ष्यलाई स्थानीय तहको संरचना र कार्य योजनामा स्थान दिन।

(च) लैससास अवधारणा अनुसार यसको प्रयोगलाई सरलीकृत रुपमा स्थानीयकरण गरि स्थानीय सरकारले गर्ने सम्पूर्ण विकासका कार्यहरुलाई लैससास उत्तरदायी र दिगो बनाउन आर्थिक श्रोतको सुनिश्चता, उपलब्धीको समतामूलक वितरण र उपयोगी बनाउने।

## ४. लैससास परीक्षणले समेट्ने क्षेत्रहरु

### ४.१ लैससास परीक्षणका मूल विषयक्षेत्रहरु

लैससास परीक्षणका लागि स्थानीय तहको नीतिमा लैङ्गिक तथा सामाविक समावेशी विकास, लैङ्गिक तथा सामाजिक समावेशी उत्तरदायी कार्यक्रम, आन्तरिक संरचना र मानव संसाधन, सम्बन्ध विस्तार र नेपाल सरकारका प्रतिवद्धताहरु लगायतका विषयबस्तु समेटिएका छन्। लैससास परीक्षणका लागि देशमयका पाँचवटा मुख्य विषय क्षेत्रहरुमा अंकभारको व्यवस्था गरिएको छ।

| **क्षेत्र** | **सूचकसंख्या/पुर्णाङ्क** |
| --- | --- |
| १. नीति, कानून, योजना | २० |
| २. संस्थागत व्यवस्था | २० |

३. मानव संसाधन तथा क्षमता विकास २०

४. सेवा प्रवाह २०

५. सुशासन तथा उत्तरदायित्व २०

### ४.२ लैससास परीक्षण उपविषय/क्षेत्रहरु

लैससास परीक्षणका प्रमुख पाँचवटा विषयक्षेत्र भित्र विभिन्न २२ वटा उपविषय/क्षेत्रहरु र सो अन्तर्गत १०० वटा सूचकहरु रहेका छन् । २२ उपविषय/क्षेत्रहरु यस प्रकार रहेका छन् ।

१. नीति र कानूनमा समावेशीता/सहभागिता

२. योजना तुर्जमा तथा कार्यान्वयन

३. बजेट तर्जुमा तथा कार्यान्वयन

४. कर्मचारी पदाधिकारी प्रतिनिधित्व

५. कार्यप्रणाली समावेशी

६. समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व

७. वित्त व्यवस्थापन प्रणालीमा समावेशीता

८. तथ्याङ्क संकलन तथा व्यवस्थापन

९. मानव संसाधन तथा क्षमता विकास

१०. अनौपचारिक मूल्य,मान्यता र कुसंस्कार विरुद्ध जनचेतना

११. कानूनी साक्षरता

१२. विपद व्यवस्थापनमा समावेशीता

१३. पूर्वाधार विकास

१४. प्रजनन् स्वास्थ्य

१५. शिक्षा कार्यक्रम

१६. खानेपनी तथा सरसफाइ

१७. स्वरोजगार तथा आय आर्जन र बजार व्यवस्थापन

१८. सुशासन

१९. उत्तरदायित्व र जवाफदेहिता

२०. सूचना तथा संचार

२१. अनुगमन तथा मूल्याङ्कन

२२. समन्वय र सम्बन्ध विस्तार

प्रत्येक सूचकको मूल्याङ्कन गर्दा राम्रो अवस्थालाई १ अंक, मध्यम अवस्थालाई ०.५ अंक र अति कमजोर अवस्थालाई ० अंक दिनु पर्दछ । यी सूचकमा गरिने मूल्याङ्कन सामुहिक मूल्याङ्कन हो । कार्यादलका सदस्यहरुले हरेक सूचकमा छलफल गरी, प्रमाण जुटाई सोको अवस्था विश्लेषण सहमतिमा अंक प्रदान गरिएका छन् ।

## ५. लैससास परीक्षण विधि

लैङ्गिक समानता तथा सामाजिक समावेशी परीक्षणले एउटा पक्षलाई मात्र नभई धेरै पक्षलाई समेटेर गाउँपालिकालाई सुधारात्मक बाटोमा लैजान मद्दत गर्ने भएकोले विषयवस्तु सुहाउँदो विधि वा प्रकृयाहरु अपनाईएका छन् । यस अध्ययन्को उद्देश्य पुरा गर्न संख्यात्मक तथा गुणात्मक सूचनाहरु प्राथमिक तथा द्वितिय स्रोतहरुबाट समेत संकलन गरिएको थियो ।

- **मार्गदर्शन** : नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको "स्थानीय तहका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीरकण परीक्षण दिग्दर्शन २०७८" लाई मार्गदर्शन दस्तावेजको रुपमा प्रयोग गरिएको छ । सोहि दस्तावेजको आधारमा रही सम्पुर्ण परीक्षणका औजार तथा सूचकहरुलाई आधार मानेर यो परीक्षण लैससास परीक्षण प्रतिवेदन तयार गरिएको हो ।
- **दस्तावेज अध्ययन्** : लैससास सम्बन्धी विज्ञ टोलीले गाउँपालिकाले हालसम्म जारी भएका दस्तावेज, कानून तथा प्रतिवेदनहरु गाउँपालिकाको ऐन, नीति, निर्देशिका, कार्यविधिहरु, आवधिक विकास योजना तथा गाउँ वस्तुस्थिति विवरण, विगतमा सम्पन्न आर्थिक बर्ष २०७६/७७ को लैससास परीक्षण मस्यौदा प्रतिवेदन, वार्षिक गाउँ विकास योजना पुस्तिका, गाउँपालिकाको आर्थिक प्रतिवेदनहरु, बार्षिक प्रगति प्रतिवेदन, कार्यक्रम संचालन निर्देशिका तथा अनुगमन/मूल्यांकन प्रतिवेदन आदिको अध्ययन अवलोकन गरिएका थिए ।
- **प्रमुख व्यक्तिहरुसँग छलफल** : गाउँपालिकाका उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, लेखा अधिकृत, शिक्षा शाखा विषय विज्ञ, स्वास्थ्य संयोजक, सूचना प्रविधि अधिकृत, महिला बालबालिका शाखा, वडा सचिवहरुसँग संक्षिप्त छलफल गरिएको छ ।
- **सूचकहरुको लेखाजोखा कार्यशाला** : कार्यपालिका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत प्रशासन शाखा, शिक्षा शाखा, महिला बालबालिका शाखा सूचना प्रविधि शाखा, आलेप शाखा लगायतका कर्मचारीको सहभागितामा एक कार्यशालाको छलफलबाट सुचकको लेखाजोखा गरिएको थियो । कार्यशालामा समुह कार्य मार्फत ५ वटा समुहमा बसेर प्रत्येक सूचकको मूल्याङ्कन गरी राम्रो अवस्थालाई १ अंक, मध्यम अवस्थालाई ०.५ अंक र अति कमजोर अवस्थालाई ० अंक दिईएका छन् ।
- **कार्ययोजना तयार** : सूचकहरुमा प्राप्त अंकको आधारमा महिला बालबालिका शाखा तथा सूचना प्रविधि शाखाको नेतृत्वमा कार्य योजना तयार गरिएको छ ।

## ६. लैससास परीक्षण कार्यशालाका सहभागीहरु

लैससास परीक्षणका विभिन्न चरण मध्ये प्राविधीकरण तथा सूचकहरुको लेखाजोखा कार्यशालामा गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु, गाउँकार्यपालिकाका सदस्यहरु तथा वडा सदस्यहरु, गाउँपालिका अन्तर्गत विभिन्न शाखामा कार्यरत कर्मचारीहरु लगायतका ४६ जना व्यक्तित्वहरुको सहभागिता रहेको थियो । सहभागि उपस्थिति अनुसूचीमा समावेश गरिएको छ ।

# खण्ड दुई : तथ्य, प्रस्तुतिकरण

## ७. तथ्य, प्रस्तुतिकरण र व्याख्या

### तालिका १

कार्यशालामा उपस्थित कार्यपालिका सदस्यहरु तथा कर्मचारीहरुद्धारा हरेक सूचकमा छलफल गरि, प्रमाण जुटाई सोको अवस्था विश्लेषण गरी सहमतिमा निम्न अनुसारका अंक प्रदान गरिएका छन् ।

| सि.नं | मूल बिषय | उप विषय | सूचक | प्राप्ताङ्ख | १ अंक आउने अवस्था | ०.५ अंक आउने अवस्था | ० अक आउने अवस्था | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|---|
| १ | **नीति, कानून, योजना २०** | नीति र कानूनमा समावेशिता सहभागिता | स्थानीय तहको नीति तथा कानूनको मस्यौदा तयार गर्ने कार्यदिशामा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण, पूर्व दस्तावेजको समीक्षा गर्दा लैससास दृष्टिकोणले भएको, मस्यौदाको बिषयवस्तु र शब्द चयन समावेशी र सहभागितामूलक हुने गरे/नगरेको । | १ | स्थानीय तहको नीति तथा कानूनको मस्यौदा तयार गर्ने कार्यदिशामा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण, पूर्व दस्तावेजको समीक्षा गर्दा लैससास दृष्टिकोणले भएको, मस्यौदाको बिषयवस्तु र शब्द चयन समावेशी र सहभागितामूलक हुने गरेको । | स्थानीय तहको नीति तथा कानूनको मस्यौदा तयार गर्ने कार्यदिशामा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण, पूर्व दस्तावेजको समीक्षा, मस्यौदाको बिषयवस्तु र शब्द चयन आँसिक रुपमामात्र समावेशी र सहभागितामूलक हुने गरेको । | स्थानीय तहको नीति तथा कानूनको मस्यौदा तयार गर्ने कार्यदिशामा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण, पूर्व दस्तावेजको समीक्षा गर्दा लैससास दृष्टिकोणले भएको, मस्यौदाको बिषयवस्तु र समावेशी शब्द चयन र सहभागितामूलक हुने नगरेको । | स्थानीय तहले स्वीकृत गरेका नीति तथा कानूनी दस्तावेजहरु र स्वीकृतिको लागि प्रस्तुत गरेका मस्यौदा नीति तथा कानूनी दस्तावेजहरु । यस सम्बन्धी निर्णय फाइलहरु । |
| २ | **नीति, कानून, योजना २०** | नीति र कानूनमा समावेशिता् सहभागिता | स्थानीय तहले आफ्ना नीति, कानून, योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिले उपयुक्त भए नभएको बारे लेखाजोखा वा विश्लेषण गरि सुनिश्चित गर्ने गरे/नगरेको । | ०.५ | स्थानीय तहले आफ्ना नीति, कानून, योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिले उपयुक्त भए नभएको बारे हरेक दस्तावेजमा लेखाजोखा वा विश्लेषण गरी सुनिश्चित गर्ने गरेको । | स्थानीय तहले आफ्ना नीति, कानून, योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिले उपयुक्त भए नभएको बारे आँसिकरुपमा ( केही दस्तावेज) मात्र लेखाजोखा वा विश्लेषण गरी सुनिश्चित गर्ने गरेको | स्थानीय तहले आफ्ना नीति, कानून, योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिले उपयुक्त भए नभएको सम्बन्धमा कुनै दस्तावेज उपर लेखाजोखा वा विश्लेषण गरी सुनिश्चित गर्ने नगरेको | स्थानीय तहले आफ्ना नीति, कानून, योजना का दस्तावेजहरू र लेखाजोखा सम्पन्न भएको प्रमाणित गर्ने कागजातहरु र समिति, शाखा, महाशाखा, कार्यपालिकाका छलफल तथा निर्णयहरु । |

| सि.नं | मूल बिषय | उप विषय | सूचक | प्राप्ताङ्ग | १ अंक आउने अवस्था | ०.५ अंक आउने अवस्था | ० अक आउने अवस्था | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|---|
| ३ | **नीति, कानून, योजना २०** | नीति र कानूनमा समावेशिता् सहभागिता | स्थानीय तहको नीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास (स्थानीय कानुन, नीति, आवधिक र वार्षिक योजनामा भएका नीतिहरू) सम्बन्धी विषयहरु समावेश भए/नभएको । | १ | स्थानीय तहको नीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास (स्थानीय कानुन, नीति, आवधिक र वार्षिक योजनामा भएका नीतिहरू) सम्बन्धी विषयहरु समावेश भएको । | स्थानीय तहको नीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास (स्थानीय कानुन, नीति, आवधिक र वार्षिक योजनामा भएका नीतिहरू) सम्बन्धी विषयहरु आँसिक रुपमामात्र समावेश भएको । | स्थानीय तहको नीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास (स्थानीय कानुन, नीति, आवधिक र वार्षिक योजनामा भएका नीतिहरू) सम्बन्धी विषयहरु समावेश नभएको । | स्थानीय तहका स्थानीय कानुन, नीति, आवधिक र बार्षिक योजना सम्वन्धी दस्तावेजहरू, स्थानीय राजपत्र । |
| ४ | **नीति, कानून, योजना २०** | नीति र कानूनमा समावेशिता् सहभागिता | महिला र पुरुष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यकको समविकास, सामाजिक विभेदको अन्त्य तथा लैससास परीक्षण गर्ने अलग्गै नीतिहरु छन् । छैनन् ? (स्थानीय ऐन, कानुन, कार्यविधि, निर्देशिकामा खास व्यवस्था गरे/नगरेको । | ०.५ | महिला र पुरुष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यकको समविकास, सामाजिक विभेदको अन्त्य तथा लैससास परीक्षण गर्ने अलग्गै नीति भएको र यस्तो नीति, स्थानीय ऐन, कानुन, कार्यविधि, निर्देशिकामा खास व्यवस्था गरेको । | महिला र पुरुष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यकको समविकास, सामाजिक विभेदको अन्त्य तथा लैससास परीक्षण गर्ने अलग्गै नीति भएको तर स्थानीय ऐन, कानुन, कार्यविधि, निर्देशिकामा खास व्यवस्था नगरेको । | महिला र पुरुष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यकको समविकास, सामाजिक विभेदको अन्त्य तथा लैससास परीक्षण गर्ने अलग्गै नीति नभएको र स्थानीय ऐन, कानुन, कार्यविधि, निर्देशिकामा समेत कुनै खास व्यवस्था नगरेको । | महिला र पुरुष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यकको समविकास तथा लैससास तथा सामाजिक विभेद अन्त्य गर्ने नीति दस्तावेज र स्थानीय ऐन, कानुन, कार्यविधि, निर्देशिकाहरू, स्थानीय राजपत्र |
| ५ | **नीति, कानून, योजना २०** | नीति र कानूनमा समावेशिता् सहभागिता | स्थानीय तहले कार्यान्वयनमा ल्याएका ऐन, नियम, तथा कार्यविधिमा महिला, किशोरी, बालिकाहरु तथा लक्षित वर्ग लगायतमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरु अन्त्य गर्ने प्रावधान राखिएको/नराखिएको । | ०.५ | स्थानीय तहले कार्यान्वयनमा ल्याएका ऐन, नियम, तथा कार्यविधिमा महिला, किशोरी, बालिकाहरु तथा लक्षित वर्ग लगायतमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरु अन्त्य गर्ने प्रावधान राखिएको । | स्थानीय तहले कार्यान्वयनमा ल्याएका ऐन, नियम, तथा कार्यविधिमा महिला, किशोरी, बालिकाहरु तथा लक्षित वर्गमा लगायत हुने सबै प्रकारका विभेदजन्य कार्यहरु अन्त्य गर्ने सिमित प्रावधान मात्र राखिएको । | स्थानीय तहले कार्यान्वयनमा ल्याएका ऐन, नियम, तथा कार्यविधिमा महिला, किशोरी, बालिकाहरु तथा लक्षित वर्गमा लगायत हुने सबै प्रकारका विभेदजन्य कार्यहरु अन्त्य गर्ने कुनै प्रावधान नराखिएको । | स्थानीय तहले कार्यान्वयनमा ल्याएका ऐन, नियम, कार्यविधिहरू र तिनको लैससास दृष्टिले विश्लेषण गरिएको दस्तावेज तथा स्थानीय राजपत्र । |

| सि.नं | मूल बिषय | उप विषय | सूचक | प्राप्ताङ्क | १ अंक आउने अवस्था | ०.५ अंक आउने अवस्था | ० अक आउने अवस्था | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|---|
| ६ | **नीति, कानून, योजना २०** | नीति र कानूनमा समावेशिता् सहभागिता | संघीय कानूनले व्यवस्था गरे बमोजिम स्थानीयस्तरमा महिला तथा वञ्चितीमा परेको समुदाय माथि हुने हिँसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाए/नमिलाएको । | १ | संघीय कानूनले व्यवस्था गरे बमोजिम स्थानीयस्तरमा महिला तथा वञ्चितीमा परेको समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाएको र सोहि अनुरूप कार्यन्वयन हुने गरेको । | संघीय कानूनले व्यवस्था गरे बमोजिम स्थानीयस्तरमा महिला तथा वञ्चितीमा परेको समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाएको तर कार्यान्वियन नभएको । | संघीय कानूनले व्यवस्था गरे बमोजिम स्थानीयस्तरमा महिला तथा वञ्चितीमा परेको समुदाय माथि हुनेहिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध नमिलाएको । | महिला तथा वञ्चितीमा परेको समुदाय माथि हुने विभेद उपर सुनुवाई भएका प्रमाणित कागजातहरू र माहिला तथा वञ्चितीमा परेका समुदायहरुको स्वयम भनाइहरुको दस्तावेज |
| ७ | **नीति, कानून, योजना २०** | नीति र कानूनमा समावेशिता् सहभागिता | स्थानीय नीति तथा कानूनमा महिला, पुरूष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यक उपर हुने श्रमको ज्यालामा विभेद अन्त्य गर्ने प्रावधान रहे/नरहेको । | ०.५ | स्थानीय नीति तथा कानूनमा महिला, पुरूष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यक उपर हुने श्रमको ज्यालामा विभेद अन्त्य गर्ने प्रावधान रहेको र सो को कार्यान्वियन भएको । | स्थानीय नीति तथा कानूनमा महिला, पुरूष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यक उपर हुने श्रमको ज्यालामा विभेद अन्त्य गर्ने प्रावधानमात्र रहेको तर सो को कार्यान्वियन नभएको । | स्थानीय नीति तथा कानूनमा महिला, पुरूष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यक उपर हुने श्रमको ज्यालामा अन्त्य गर्ने कुनै प्रावधान नरहेको। | स्थानीय नीति तथा कानून, श्रमको ज्याला भुक्तानी दस्तावेज तथा विवरण |
| ८ | **नीति, कानून, योजना २०** | नीति र कानूनमा समावेशिता् सहभागिता | स्थानीय तहको नीति तथा कानूनमा रैथाने र आप्रवासी कामदार तथा श्रमजीवी उपर हुने विभेद रोक्ने प्रावधान रहे/नरहेको | ०.५ | स्थानीय तहको नीति तथा कानूनमा रैथाने र आप्रवासी कामदार तथा श्रमजीवी उपर हुने विभेद रोक्ने प्रावधानहरु रहेको र सो को कार्यान्वियन भएको । | स्थानीय तहको नीति तथा कानूनमा रैथाने र आप्रवासी कामदार तथा श्रमजीवी उपर हुने विभेद रोक्ने प्रावधान रहेको तर सो को कार्यान्वियन नभएको । | स्थानीय तहको नीति तथा कानूनमा रैथाने र आप्रवासी कामदार तथा श्रमजीवी उपर हुने विभेद रोक्ने कुनै प्रावधान नरहेको। | स्थानीय तहको श्रम नीति तथा कानून, दस्तावेज र समीक्षा प्रतिवेदन । |
| | | | | ५.५ | | | | |
| ९ | **नीति, कानून, योजना २०** | योजना तर्जुमा तथा कार्यान्वियन | आवधिक योजना र वार्षिक विकास कार्यकममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम र सोको मापनयोग्य लक्ष्य समावेश गरे/नगरेको | १ | आवधिक योजना र वार्षिक विकास कार्यकममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम र सोको मापनयोग्य लक्ष्य समावेश गरिएको । | आवधिक योजना र वार्षिक विकास कार्यकममा लैङ्गिक तथा समावेशी विकासको लागि आँसि नीति, रणनीति, कार्यक्रम रहेको तर सोको मापनयोग्य लक्ष्य समावेश नगरिएको | आवधिक योजना र वार्षिक विकास कार्यकममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम र सोको मापनयोग्य लक्ष्य समावेश नगरिएको | आवधिक योजना, वार्षिक विकास कार्यकम, लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम, लक्ष्य तथा उपलब्धी सम्बन्धी आवधिक प्रतिवेदन |

| सि.नं | मूल बिषय | उप विषय | सूचक | प्राप्ताङ्क | १ अंक आउने अवस्था | ०.५ अंक आउने अवस्था | ० अक आउने अवस्था | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|---|
| १० | **नीति, कानून, योजना २०** | योजना तर्जुमा तथा कार्यान्वयन | गाउँपालिका/ नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका तथा सबै लक्षित समूहको अवस्था विश्लेषणको आधारमा सो समूहलाइ प्रत्यक्ष्य फाइदा पुग्ने गरी कूल पूँजीगत बजेटको निश्चित प्रतिशत छुट्याउने गरे/नगरेको । | १ | गाउँपालिका/ नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका तथा सबै लक्षित समूहको अवस्था विश्लेषणको आधारमा सो समूहलाइ प्रत्यक्ष्य फाइदा पुग्ने गरी कूल पूँजीगत बजेटको निश्चित प्रतिश छुट्याउने गरेको | गाउँपालिका/ नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका तथा केहि लक्षित समूहको अवस्था विश्लेषण गरि कूल पूँजीगत बजेटको निश्चित प्रतिशत छुट्याउने गरेको । | गाउँपालिका/ नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका तथा कुनै पनि लक्षित समूहको अवस्था विश्लेषण नगरेको तथा कूल पूँजीगत बजेटको निश्चित प्रतिशत छुट्याउने नगरेको । | गाउँपालिका/ नगरपालिकाको महिला, बालबालिका, तथा लक्षित समूहको अवस्था विश्लेषण प्रतिवेदन /पार्श्वचित्र /प्रोफाईल, बजेट सीमा, वार्षिक बजेट तथा विकास कार्यक्रम |
| ११ | **नीति, कानून, योजना २०** | योजना तर्जुमा तथा कार्यान्वयन | स्थानीय तहको योजना पहिचान तथा छनौट गर्दा लक्षित समूहको सक्रीय सहभागिता हुने गरे, नगरेको र लक्षित समुहले छनौट गरेका योजना प्राथमिकता मा पर्ने गरे/नगरेको | ०.५ | स्थानीय तहले गाउँ, वस्तीस्तरबाट योजना पहिचान तथा छनौट गर्दा सबै लक्षित समूहको सक्रीय सहभागिता हुने गरेको र लक्षित समुहले छनौट गरेका योजना प्राथमिकतामा पर्ने गरेको | स्थानीय तहले गाउँ, वस्तीस्तरबाट योजना पहिचान तथा छनौट गर्दा केही मात्र लक्षित समूहको सक्रीय सहभागिता हुने गरेको र लक्षित समुहले छनौट गरेका केही योजनामात्र प्राथमिकतामा पर्ने गरेको । | स्थानीय तहले गाउँ, वस्तीस्तरबाट योजना पहिचान तथा छनौट गर्दा कुनैपनि लक्षित समूहको सक्रीय सहभागिता हुने नगरेको र लक्षित समुहले छनौट गरेका योजना प्राथमिकतामा पर्ने नगरेको । | सहभागी सूचीफोटो र वडास्तरबाट छनौट योजना तथा कार्यक्रमको सूची निर्णय पुस्तिका, स्वीकृत वार्षिक कार्यक्रम |
| १२ | **नीति, कानून, योजना २०** | योजना तर्जुमा तथा कार्यान्वयन | योजना तर्जुमा गर्दा महिला तथा लक्षित समूहको व्यावहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा छलफल हुने गरे/नगरेको । | ०.५ | योजना तर्जुमा गर्दा महिला तथा लक्षित समूहको व्यावहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा निरन्तर (सबै योजना तर्जुमाका सबै चरणमा सधैं) छलफल हुने गरेको । | योजना तर्जुमा गर्दा महिला तथा लक्षित समूहको व्यावहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा कहिले काहिं मात्र (केहि योजना तर्जुमाका केहि चरणमा, कहिलेकाहिं) छलफल हुने गरेको । | योजना तर्जुमा गर्दा महिला तथा लक्षित समूहको व्यावहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा छलफल हुने नगरेको | बैठक निर्णय पुस्तिका, बजेट तर्जुमा मार्गदर्शन बैठक पुस्तिका, स्वीकृत वार्षिक कार्यक्रम |

| सि.नं | मूल बिषय | उप विषय | सूचक | प्राप्ताङ्क | १ अंक आउने अवस्था | ०.५ अंक आउने अवस्था | ० अक आउने अवस्था | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|---|
| १३ | **नीति, कानून, योजना २०** | योजना तर्जुमा तथा कार्यान्वयन | योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहको छुट्टा छुट्टै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्ने गरिए/नगरिएको । | ०.५ | योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहको छुट्टा छुट्टै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसार सबै कार्यक्रम तय गर्ने गरिएको । | योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहको छुट्टा छुट्टै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसार केही कार्यक्रम तय हुने गरेको । | योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहको छुट्टा छुट्टै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्ने नगरिएको । | महिला र पुरुष एवं लक्षित समुहको छुट्टा छुट्टै अवस्था देखिने अवस्था विश्लेषण प्रतिवेदन आवश्यकत पहिचान प्रतिवेदन । वार्षिक विकास कार्यक्रम |
| १४ | **नीति, कानून, योजना २०** | योजना तर्जुमा तथा कार्यान्वयन | स्थानीय तहले दीगो विकासका लक्ष्यहरू विशेष गरेर लक्ष्य ५ लैङ्गिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरी सो अनुसारको बजेट विनियोजन हुने गरे/नगरेको । | ०.५ | स्थानीय तहले दीगो विकासका लक्ष्यहरूमध्ये लक्ष्य ५ लैङ्गिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरी सो अनुसारको बजेट विनियोजन गर्ने गरेको । | स्थानीय सरकारले दीगो विकासका लक्ष्यहरूमध्ये लक्ष्य ५ लैङ्गिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरी सो अनुसार केही कार्यक्रमहरूमा बजेट विनियोजन गर्ने गरेको | स्थानीय सरकारले दीगो विकासका लक्ष्यहरूमध्ये लक्ष्य ५ लैङ्गिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण नगर्नुको साथै बजेट विनियोजन पनि गर्ने नगरेको । | दीगो विकासका लक्ष्यहरू स्थानीयकरण गरेको दस्तावेज (नीति, योजना तथा वार्षिक विकास कार्यक्रम) |
| १५ | **नीति, कानून, योजना २०** | योजना तर्जुमा तथा कार्यान्वयन | स्थानीय तहका योजना महिला, बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्नेगरी बने/नबनेको । | १ | स्थानीय तहका योजना महिला, बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष / निर्दिष्ट लाभ पुग्नेगरी बनेको । | स्थानीय तहका योजना महिला, बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई अप्रत्यक्ष / सहयोगी हुने गरी बनेको । | स्थानीय तहका योजनाले महिला, बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई लाभ पुग्नेगरी नबनेको । | नीति, योजना तथा वार्षिक विकास कार्यक्रम |
| १६ | **नीति, कानून, योजना २०** | योजना तर्जुमा तथा कार्यान्वयन | स्थानीय तहका उपभोक्ता समितिहरुमा लक्षित समुहका प्रतिनिधि सहित कम्तिमा ४०% महिलाहरूको सहभागिता भए/नभएको र मुख्य कार्यकारी पदको जिम्मेवारी दिए/नदिएको । | ०.५ | स्थानीय तहका उपभोक्ता समितिहरुमा लक्षित समुहका प्रतिनिधि सहित कम्तिमा ४०% महिलाहरूको सहभागिता भएको र मुख्य कार्यकारी पदको जिम्मेवारी दिएको । | स्थानीय तहका उपभोक्ता समितिहरुमा लक्षित समुहका प्रतिनिधि सहित कम्तिमा ४०% महिलाहरूको सहभागिता भएको र मुख्य कार्यकारी पदको जिम्मेवारी नदिईएको | स्थानीय तहका उपभोक्ता समितिहरुमा लक्षित समुहका प्रतिनिधि सहित कम्तिमा ४०% महिलाहरूको सहभागिता नभएको र मुख्य कार्यकारी पदको जिम्मेवारी पनि नदिईएको | उपभोक्ता समितिको गठन सम्वन्धी नीति तथा कानून उपभोक्ता समितिको संरचना |
| | | | | ५.५ | | | | |

| सि.नं | मूल बिषय | उप विषय | सूचक | प्राप्ताङ्ग | १ अंक आउने अवस्था | ०.५ अंक आउने अवस्था | ० अक आउने अवस्था | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|---|
| १७ | **नीति, कानून, योजना २०** | बजेट तर्जुमा तथा कार्यान्वयन | बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपूर्व समुदायका महिला, बालबालिका, अपाङ्ग, जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग, दलित लगायत सबै लक्षित वर्ग र समुदायसँग छलफल ( विश्लेषण) गर्ने गरिए/ नगरिएको । | १ | बजेट तथा कार्यक्रम तर्जुमा गर्नु पूर्व समुदायका महिला, बालबालिका, अपाङ्ग, जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग, दलित लगायत सबै लक्षित वर्ग र समुदायसँग छलफल ( विश्लेषण) गर्ने गरिएको । | बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपूर्व समुदायका महिला, बालबालिका, अपाङ्ग, जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग, दलित लगायत केहि लक्षित वर्ग र समुदायसँग केहि कार्यक्रममा छलफल ( विश्लेषण)गर्ने गरिएको । | बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपूर्व समुदायका महिला, बालबालिका, अपाङ्ग, जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग, दलित लगायत सबै लक्षित वर्ग र समुदायसँग छलफल ( विश्लेषण) गर्ने नगरिएको । | बजेट तथा कार्यक्रम तर्जुमा सम्वन्धी दस्तावेज लक्षित समुहसंग छलफल भएको निर्णय पुस्तिका |
| १८ | **नीति, कानून, योजना २०** | बजेट तर्जुमा तथा कार्यान्वयन | स्थानीय तहमा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परीक्षण नियमितरुपमा गर्न बजेटको व्यवस्था गरिए/नगरिएको र सोको कार्यान्वयन भए/नभएको । | १ | स्थानीय तहमा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परीक्षण नियमितरुपमा गर्न बजेटको व्यवस्था गरिएको र सोको कार्यान्वयन भएको । | स्थानीय तहमा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परीक्षण नियमितरुपमा गर्न बजेटको व्यवस्था गरिएको तर सोको कार्यान्वयन नभएको । | स्थानीय तहमा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परीक्षण नियमितरुपमा गर्न बजेटको व्यवस्था नगरिएको र सोको कार्यान्वयन नभएको | वार्षिक विकास कार्यक्रम र लैससास परीक्षण प्रतिवेदन प्रगति प्रतिवेदन |
| १९ | **नीति, कानून, योजना २०** | बजेट तर्जुमा तथा कार्यान्वयन | परिक्षण पश्चात लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजना कार्यान्वयनका लागि बजेट तथा कार्यक्रम वार्षिक योजनामा समावेश गरिए/नगरिएको र सो को कार्यान्वयन भए/नभएको । | ०.५ | परिक्षण पश्चात लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजना कार्यान्वयनका लागि बजेट तथा कार्यक्रम वार्षिक योजनामा समावेश गरेको र सो को पूर्णरुपमा कार्यान्वयन भएको । | परिक्षण पश्चात लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजना कार्यान्वयनका लागि बजेट तथा कार्यक्रम वार्षिक योजनामा समावेश भएपनि र सो को आशिंकरुपमा कार्यान्वयन भएको । | परिक्षण पश्चात लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजना कार्यान्वयनका लागि बजेट व्यवस्था हुने नगरेको । | वार्षिक विकास कार्यक्रम लैससास परीक्षण प्रगति प्रतिवेदन |
| २० | **नीति, कानून, योजना २०** | बजेट तर्जुमा तथा कार्यान्वयन | स्थानीय तहको वार्षिक विकास कार्यक्रममा लक्षित समूहको लागि निश्चित प्रतिशत बजेट विनियोजन गरी उनीहरूको हितमा कार्ययोजना अनुरूप कार्यक्रम संचालन गर्ने गरिए/नगरिएको । | १ | स्थानीय तहको वार्षिक विकास कार्यक्रममा लक्षित समूहको लागि निश्चित प्रतिशत बजेट विनियोजन गरी उनीहरूको हितमा कार्ययोजना अनुरूप कार्यक्रम संचालन गर्ने गरिएको । | स्थानीय तहको वार्षिक विकास कार्यक्रममा लक्षित समूहको लागि निश्चित प्रतिशत बजेट विनियोजन गरी उनीहरूको हितमा कार्ययोजना अनुरूप कार्यक्रम आंशिकरुपमा संचालन गर्न गरिएको । | स्थानीय तहको वार्षिक विकास कार्यक्रममा लक्षित समूहको लागि निश्चित प्रतिशत बजेट विनियोजन गर्ने नगरिएको । | वार्षिक विकास कार्यक्रम लैससास परीक्षण प्रतिवेदन प्रगति प्रतिवेदन |

| सि.नं | मूल बिषय | उप विषय | सूचक | प्राप्ताङ्क | १ अंक आउने अवस्था | ०.५ अंक आउने अवस्था | ० अक आउने अवस्था | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ३.५ | | | | |
| २१ | संस्थागत व्यवस्था २० | कर्मचारी पदाधिकारी प्रतिनिधित्व | स्थानीय तहको निर्णायक तहमा महिलाहरू ( पदाधिकारी/कर्मचारी) को समानरुपमा ( ५०/५० प्रतिशत) प्रतिनिधित्व भए/नभएको । | ०.५ | स्थानीय तहको निर्णायक तहमा महिलाहरू ( पदाधिकारी/कर्मचारी) को समानरुपमा ( ५०।५० प्रतिशत) प्रतिनिधित्व भएको । | स्थानीय तहको निर्णायक तहमा महिलाहरू ( पदाधिकारी/कर्मचारी) को कम्तिमा ३३ प्रतिशत प्रतिनिधित्व भएको । | स्थानीय तहको निर्णायक तहमा महिलाहरू ( पदाधिकारी/कर्मचारी) को ३३ प्रतिशत भन्दा पनि कम प्रतिनिधित्व भएको । | स्थानीय तहको निर्णायक तहमा रहेका ( पदाधिकारी/कर्मचारी) को नामावली |
| २२ | संस्थागत व्यवस्था २० | कर्मचारी पदाधिकारी प्रतिनिधित्व | स्थानीय तहका कर्मचारीहरूको पदपूर्ति गर्दा सबै जातजाति, क्षेत्र, लिङ्ग र समुदाय लगायत लक्षित वर्गको समानुपातिक प्रतिनिधित्व हुने रणनीति लिए/ नलिएको र सो वमोजिम कार्यान्वयन भए/नभएको । | १ | स्थानीय तहका कर्मचारीहरूको पदपूर्ति गर्दा सबै जातजाति, क्षेत्र, लिङ्ग र समुदाय लगायत लक्षित वर्गको समानुपातिक प्रतिनिधित्व हुने रणनीति लिएको र सो वमोजिम कार्यान्वयन भएको । | स्थानीय तहका कर्मचारीहरूको पदपूर्ति गर्दा सबै जातजाति, क्षेत्र, लिङ्ग र समुदाय लगायत लक्षित वर्गको समानुपातिक प्रतिनिधित्व हुने रणनीति लिएको र सो वमोजिम कार्यान्वयन नभएको । | स्थानीय तहका कर्मचारीहरूको पदपूर्ति गर्दा सबै जातजाति, क्षेत्र, लिङ्ग र समुदाय लगायत लक्षित वर्गको समानुपातिक प्रतिनिधित्व हुने रणनीति नलिएको । | स्थानीय सरकारका कर्मचारीहरूको पदपूर्तिको सम्वन्धी नीति, कानून र पदपूर्ति सम्वन्धी निर्णय अभ्यास सम्वन्धी दस्तावेज |
| २३ | संस्थागत व्यवस्था २० | कर्मचारी पदाधिकारी प्रतिनिधित्व | स्थानीय तहले महिला लगायत विशेष जातजाति तथा समुदायलाई सेवा प्रदान गर्दा सम्बन्धीत लक्षित वर्ग वा समुदायको भाषा, संस्कृति र रहन सहन बुझ्ेको साथै महिला संवेदनशील कर्मचारी वा जनप्रतिनिधि समेत समावेश भएको कार्यटोली वा शाखा मार्फत सेवा दिने गरे/नगरेको । | ०.५ | स्थानीय तहले महिला लगायत विशेष जातजाति तथा समुदायलाई सेवा प्रदान गर्दा सम्बन्धीत लक्षित वर्ग वा समुदायको भाषा, संस्कृति र रहन सहन बुझ्ेको साथै महिला संवेदनशील कर्मचारी वा जनप्रतिनिधि समेत समावेश भएको कार्यटोली वा शाखा मार्फत सेवा दिने गरेको । | स्थानीय तहले महिला लगातय विशेष जातजाति तथा समुदायलाई सेवा प्रदान गर्दा सम्बन्धीत लक्षित वर्ग वा समुदायको भाषा, संस्कृति र रहन सहन बुझ्ेको साथै महिला संवेदनशील कर्मचारी वा जनप्रतिनिधि आंशीक रूपमा समावेश भएको कार्यटोली वा शाखा मार्फत सेवा दिने गरेको । | स्थानीय तहले महिला लगातय विशेष जातजाति तथा समुदायलाई सेवा प्रदान गर्दा सम्बन्धीत लक्षित वर्ग वा समुदायको भाषा, संस्कृति र रहन सहन बुझ्ेको साथै महिला संवेदनशील कर्मचारी वा जनप्रतिनिधि समावेश नगरि भए कार्यटोली वा शाखा मार्फत सेवा दिने गरेको । | संस्थागत व्यवस्था (सेवा प्रदान गर्ने रणनीति, कार्यनीति, सेवा प्रवाह सम्बन्धी दस्तावेज) संगठन संरचना, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सेवाग्राहि सन्तुष्टि सर्वेक्षण आदि । |

| सि.नं | मूल बिषय | उप विषय | सूचक | प्राप्ताङ्क | १ अंक आउने अवस्था | ०.५ अंक आउने अवस्था | ० अक आउने अवस्था | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|---|
| २४ | संस्थागत व्यवस्था २० | कर्मचारी पदाधिकारी प्रतिनिधित्व | जनप्रतिनिधिहरु तथा कर्मचारीहरुलाई क्षमता विकासको अवसर प्रदान गर्दा महिला तथा वञ्चितीकरणमा परेका समुदायलाई पहिलो प्राथमिकता दिई सबैलाई समान अवसर प्रदान गर्ने गरी सकारात्मक विभेदको नीति लिए/नलिएको तथा उक्त नीति कार्यन्वयन गरिए/नगरिएको । | १ | जनप्रतिनिधिहरु तथा कर्मचारीहरुलाई क्षमता विकासको अवसर प्रदान गर्दा महिला तथा वञ्चितीकरणमा परेका समुदायलाई पहिलो प्राथमिकता दिई सबैलाई समान अवसर प्रदान गर्ने गरी सकारात्मक विभेदको नीति लिएको तथा उक्त नीति कार्यन्वयन गरिएको । | जनप्रतिनिधिहरु तथा कर्मचारीहरुलाई क्षमता विकासको अवसर प्रदान गर्दा महिला तथा वञ्चितिकरणमा परेका समुदायलाई पहिलो प्राथमिकता दिई सबैलाई समान अवसर प्रदान गर्ने गरी सकारात्मक विभेदको नीति लिएको तर उक्त नीति कार्यन्वयन नगरिएको । | जनप्रतिनिधिहरु तथा कर्मचारीहरुलाई क्षमता विकासको अवसर प्रदान गर्दा महिला तथा वञ्चितिकरणमा परेका समुदायलाई पहिलो प्राथमिकता दिई सबैलाई समान अवसर प्रदान गर्ने गरी सकारात्मक विभेदको नीति नलिएको । | सकारात्मक विभेदको नीति तथा रणनीति दस्तावेज |
| | | | | ३ | | | | |
| २५ | संस्थागत व्यवस्था २० | कार्यप्रणाली समावेशी | महिला र पुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि स्थानीय तहको निश्चित कार्यनीति रहे/नरहेको । | १ | महिला र पुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि स्थानीय तहको निश्चित कार्यनीति रहेको । | महिला र पुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि स्थानीय तहको निश्चित कार्यनीति भएपनि कार्यान्वयनमा नरहेको । | महिला र पुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि स्थानीय तहको निश्चित कार्यनीति नरहेको । | महिला र पुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको कार्यनीति सम्वन्धी दस्तावेज वार्षिक विकास कार्यक्रम प्रगति प्रतिवेदन |
| २६ | संस्थागत व्यवस्था २० | कार्यप्रणाली समावेशी | स्थानीय तहमा लैङ्गिक विकास हेर्ने इकाईको व्यवस्था छ/छैन ? (लैङ्गिक विकास डेस्क वा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति वा यस्तै कुनै संरचनाको व्यवस्था कार्यशर्त र जिम्मेवारी किटान सहित गरे/नगरेको । | ०.५ | स्थानीय तहमा लैङ्गिक विकास हेर्ने इकाईको व्यवस्था रहेको (लैङ्गिक विकास डेस्क वा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति वा यस्तै कुनै संरचनाको व्यवस्था कार्यशर्त र जिम्मेवारी किटान सहित रहेको । | स्थानीय तहमा लैङ्गिक विकास हेर्ने इकाईको व्यवस्था रहेको (लैङ्गिक विकास डेस्क वा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति वा यस्तै कुनै संरचनाको व्यवस्था कार्यशर्त र जिम्मेवारी किटान सहित रहेको) तर कार्यान्वयनमा नरहेको । | स्थानीय तहमा लैङ्गिक विकास हेर्ने इकाईको व्यवस्था नरहेको (लैङ्गिक विकास डेस्क वा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति वा यस्तै कुनै संरचनाको व्यवस्था नगरिएको) । | संगठन संरचना र लैङ्गिक विकास हेर्ने इकाईको कार्य निर्देश शर्त र जिम्मेवारी किटान दस्तावेज तथा यस सम्वन्धी निर्णयहरु |

| सि.नं | मूल बिषय | उप विषय | सूचक | प्राप्ताङ्क | १ अंक आउने अवस्था | ०.५ अंक आउने अवस्था | ० अक आउने अवस्था | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|---|
| २७ | संस्थागत व्यवस्था २० | कार्यप्रणाली समावेशी | स्थानीय तहबाट कार्यालयमा हुन सक्ने कुनै पनि प्रकारको दुर्व्यवहार, भेदभाब, महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागु गरे/नगरेको । | १ | स्थानीय तहबाट कार्यालयमा हुन सक्ने सबै प्रकारको दुर्व्यवहार, भेदभाव महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागु गरेको । | स्थानीय तहबाट कार्यालयमा हुन सक्ने दुर्व्यवहार, भेदभाब र महिला हिंसा नियन्त्रण सम्बन्धी आचार संहिता रहेको तर कार्यान्वयन नगरेको । | स्थानीय तहबाट कार्यालयमा हुन सक्ने दुर्व्यवहार, भेदभाब र महिला हिंसा नियन्त्रण सम्बन्धी आचार संहिता नरहेको । | आचार संहिता दस्तावेज निर्णय पुस्तिका |
| २८ | संस्थागत व्यवस्था २० | कार्यप्रणाली समावेशी | योजना तर्जुमा समितिलाई सुझाव दिने दस्तावेज तयार गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिमा महिला, बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता भए/नभएको र यस समितिले वडा तथा वस्तिस्तरमा योजाना सम्बन्धी छलफल समावेशी भए नभएको अनुगमन गरोनगरेको । | ०.५ | योजना तर्जुमा समितिलाई सुझाव दिने दस्तावेज तयार गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिमा महिला, बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता रहेको र यस समितिले वडा तथा वस्तिस्तरमा योजाना सम्बन्धी छलफल समावेशी भए नभएको अनुगमन गरेको । | योजना तर्जुमा समितिलाई सुझाव दिने दस्तावेज तयार गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिमा महिला, बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता रहेतापनि यस समितिले वडा तथा वस्तिस्तरमा योजाना सम्बन्धी छलफल समावेशी भए नभएको अनुगमन नगरेको । | योजना तर्जुमा समितिलाई सुझाव दिने दस्तावेज तयार गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिमा महिला, बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता नरहेको र यस समितिले वडा तथा वस्तिस्तरमा योजाना सम्बन्धी छलफल समावेशी भए नभएको अनुगमन समेत नगरेको । | कार्यान्वयन समितिले सुझाव दिएको दस्तावेज |
| | | | | ३ | | | | |
| २९ | संस्थागत व्यवस्था २० | समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व | स्थानीय तहले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूमा महिला तथा वञ्चितीकरणमा परेको समुदायबाट महिला र पुरुषको समावेशी प्रतिनिधित्व हुने व्यवस्था रहे/नरहेको । | १ | स्थानीय तहले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूमा महिला तथा वञ्चितिकरणमा परेको समुदायबाट महिला र पुरुषको समावेशी र समानुपातिक प्रतिनिधित्व हुने व्यवस्था रहेको । | स्थानीय तहले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूमा महिला तथा वञ्चितिकरणमा परेको समुदायबाट समानुपातिक प्रतिनिधित्व हुने व्यवस्था रहेपनि व्यवहारमा आंशिक प्रतिनिधित्व हुने गरेको । | स्थानीय तहले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूमा महिला तथा वञ्चितिकरणमा परेको समुदायबाट समावेशी र समानुपातिक प्रतिनिधित्व हुने व्यवस्था नरहेको । | समिति, उपसमिति र कार्यदल गठनको संरचना-दस्तावेज |

| सि.नं | मूल बिषय | उप विषय | सूचक | प्राप्ताङ्क | १ अंक आउने अवस्था | ०.५ अंक आउने अवस्था | ० अक आउने अवस्था | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|---|
| ३० | संस्थागत व्यवस्था २० | समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व | स्थानीय तहले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूमा महिला तथा वञ्चितीकरणमा परेको समुदायका प्रतिनिधिहरूले छलफल तथा निर्णय निर्माणमा सक्रियरुपमा भागलिन पाए/नपाएको | १ | स्थानीय तहले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूमा महिला तथा वञ्चितिकरणमा परेको समुदायका प्रतिनिधिहरूले छलफल तथा निर्णय निर्माणमा सक्रियरुपमा भागलिन पाएको। | स्थानीय तहले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूमा महिला तथा वञ्चितिकरणमा परेको समुदायका प्रतिनिधिहरूले छलफलमा भागलिन पाए पनि निर्णय निर्माणमा भूमिका खेल्न नसकेको। | स्थानीय तहले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूमा महिला तथा वञ्चितिकरणमा परेको समुदायका प्रतिनिधिहरूले छलफल तथा निर्णय निर्माणमा स्वस्थ ढंगले भागलिन नपाएको। | स्थानीय तहले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूको छलफल सहभागिताको उपस्थिति र निर्णय पुस्तिका |
| ३१ | संस्थागत व्यवस्था २० | समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व | स्थानीय तहमा सञ्चालित कार्यक्रमहरूको अनुगमन र समीक्षा सम्बन्धी कार्यमा स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूले महिला तथा वञ्चितीकरणमा परेको समुदायको हितहुने गरी विश्लेषण सहित नीतिगत र कार्यगत सुझाव दिने गरे/नगरेको। | ०.५ | स्थानीय तहमा सञ्चालित कार्यक्रमहरूको अनुगमन र समीक्षा सम्बन्धी कार्यमा स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूले महिला तथा वञ्चितीकरणमा परेको समुदायको हितहुने गरी विश्लेषण सहित नीतिगत र कार्यगत सुझाव दिने गरेको। | स्थानीय तहमा सञ्चालित कार्यक्रमहरूको अनुगमन र समीक्षा सम्बन्धी कार्यमा स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूले महिला तथा वञ्चितीकरणमा परेको समुदायको हितहुने गरी विश्लेषण नगरी नीतिगत र कार्यगत सुझाव दिने गरेको। | स्थानीय तहमा सञ्चालित कार्यक्रमहरूको अनुगमन र समीक्षा सम्बन्धी कार्यमा स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूले महिला तथा वञ्चितिकरणमा परेको समुदायको हितहुने गरी विश्लेषण र सुझाव केहीपनि दिने नगरेको। | समिति, उपसमिति र कार्यदलहरूले दिएका सुझावहरु |
| ३२ | संस्थागत व्यवस्था २० | समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व | स्थानीय तहले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूले महिला तथा वञ्चितीकरणमा परेको समुदायको हितहुने गरी दिइएका नीतिगत र कार्यगत सुझावहरुको कार्यान्वयन हुने गरे/नगरेको। | ०.५ | स्थानीय तहले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूले महिला तथा वञ्चितीकरणमा परेको समुदायको हितहुने गरी दिइएका नीतिगत र कार्यगत सुझावहरुको कार्यान्वयन हुने गरेको। | स्थानीय तहले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूले महिला तथा वञ्चितीकरणमा परेको समुदायको हितहुने गरी दिइएका नीतिगत र कार्यगत सुझावहरुको कार्यान्वयन आंशिक हुने गरेको। | स्थानीय तहले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूले महिला तथा वञ्चितिकरणमा परेको समुदायको हितहुने गरी दिइएका नीतिगत र कार्यगत सुझावहरुको कार्यान्वयन हुने नगरेको। | समिति, उपसमिति र कार्यदलहरूले दिएका सुझावहरु |
| | | | | ३ | | | | |

| सि.नं | मूल बिषय | उप विषय | सूचक | प्राप्ताङ्क | १ अंक आउने अवस्था | ०.५ अंक आउने अवस्था | ० अक आउने अवस्था | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|---|
| ३३ | संस्थागत व्यवस्था २० | वित्त व्यवस्थापन प्रणालीमा समावेशिता | स्थानीय तहमा लैङ्गिक हिँसा निवारण,महिला सीप विकास, नेतृत्व विकास तथा क्षमता अभिवृद्धि जस्ता बिषयमा स्रोत व्यवस्थापनका लागि वार्षिक आर्थिक ऐनमा उल्लेखगरी छुट्टै कोष स्थापना गरी कार्यान्वयन भए/नभएको। | १ | स्थानीय तहमा लैङ्गिक हिँसा निवारण, महिला सीप विकास, नेतृत्व विकास तथा क्षमता अभिवृद्धि जस्ता बिषयमा स्रोत व्यवस्थापनका लागि वार्षिक आर्थिक ऐनमा उल्लेखगरी छुट्टै कोष स्थापना गरी कार्यान्वयन भएको। | स्थानीय तहमा लैङ्गिक हिँसा निवारण,महिला सीप विकास, नेतृत्व विकास तथा क्षमता अभिवृद्धि जस्ता बिषयमा स्रोत व्यवस्थापनका लागि वार्षिक आर्थिक ऐनमा उल्लेखगरी छुट्टै कोष स्थापना गरीएको तर कार्यान्वयन नभएको। | स्थानीय तहमा लैङ्गिक हिँसा निवारण, महिला सीप विकास, नेतृत्व विकास तथा क्षमता अभिवृद्धि जस्ता बिषयमा स्रोत व्यवस्थापनका लागि वार्षिक आर्थिक ऐनमा उल्लेखगरी कुनै पनि कोष स्थापना नभएको। | आर्थिक ऐन |
| ३४ | संस्थागत व्यवस्था २० | वित्त व्यवस्थापन प्रणालीमा समावेशिता | आदिवासी जनजाति, दलित लगायत अन्य लक्षित समुहका महिलाहरूको विकास र सशक्तिकरणको लागि वजेटको व्यवस्था भएको/नभएको र उनीहरूको आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गरे/नगरेको। | १ | आदिवासी जनजाति, दलित लगायत अन्य लक्षित समुहका महिलाहरूको विकास र सशक्तिकरणको लागि वजेटको व्यवस्था भएको/नभएको र उनीहरूको आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गरेको। | आदिवासी जनजाति, दलित लगायत अन्य लक्षित समुहका महिलाहरूको विकास र सशक्तिकरणको लागि वजेटको व्यवस्था भएको तर उनीहरूको आवश्यकता अनुसार कार्यक्रम तर्जुमा नगरेको। | आदिवासी जनजाति, दलित लगायत अन्य लक्षित समुहका महिलाहरूको विकास र सशक्तिकरणको लागि वजेटको व्यवस्था नभएको। | वार्षिक विकास कार्यक्रम |
| ३५ | संस्थागत व्यवस्था २० | वित्त व्यवस्थापन प्रणालीमा समावेशिता | स्थानीय तहमा लैङ्गिक डेस्कको स्थापना र संचालनको लागि आवश्यक जन शक्ति लगायत अन्य स्रोत साधनकोलागि वजेटको व्यवस्था भए/नभएको र सो अनुसार कार्य भए/नभएको। | ०.५ | स्थानीय तहमा लैङ्गिक डेस्कको स्थापना र संचालनको लागि आवश्यक जन शक्ति लगायत अन्य स्रोत साधनकोलागि वजेटको व्यवस्था भएको र सो अनुसार कार्य भएको। | स्थानीय तहमा लैङ्गिक डेस्कको स्थापना र संचालनको लागि आवश्यक जन शक्ति लगायत अन्य स्रोत साधनकोलागि वजेटको व्यवस्था भएको तर सो अनुसार कार्य नभएको। | स्थानीय तहमा लैङ्गिक डेस्कको स्थापना र संचालनको लागि आवश्यक जन शक्ति लगायत अन्य स्रोत साधनकोलागि वजेट तथा कार्यक्रमको व्यवस्था नभएको | वार्षिक विकास कार्यक्रम |
| ३६ | संस्थागत व्यवस्था २० | वित्त व्यवस्थापन प्रणालीमा समावेशिता | स्थानीय तहले समावेशी सूचना प्रणाली व्यवस्थापन गर्न बजेटको व्यवस्था गरे।नगरेको र कम्प्युटरकृत लेखा प्रणालीले समावेशी क्षेत्रमा भएको बजेट तथा | १ | स्थानीय तहले समावेशी सूचना प्रणाली व्यवस्थापन गर्न बजेटको व्यवस्था गरेको र कम्प्युटरकृत लेखा प्रणालीले समावेशी क्षेत्रमा भएको बजेट तथा खर्च | स्थानीय तहले समावेशी सूचना प्रणाली व्यवस्थापन गर्न बजेटको व्यवस्था गरेको तर कम्प्युटरकृत लेखा प्रणालीले समावेशी क्षेत्रमा भएको बजेट तथा | स्थानीय तहले समावेशी सूचना प्रणाली व्यवस्थापन गर्न बजेटको व्यवस्था नगर्नुको साथै कम्प्युटरकृत लेखा प्रणालीले समावेशी क्षेत्रमा भएको बजेट तथा | वार्षिक विकास कार्यक्रम |

| सि.नं | मूल बिषय | उप विषय | सूचक | प्राप्ताङ्क | १ अंक आउने अवस्था | ०.५ अंक आउने अवस्था | ० अक आउने अवस्था | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|---|
| | | | खर्च सम्बन्धी सूचना दिने गरे/नगरेको। | | सम्बन्धी सूचना दिने गरेको। | खर्च सम्बन्धी सूचना दिने नगरेको। | खर्च सम्बन्धी सूचना दिने नगरेको। | |
| | | | | ३.५ | | | | |
| ३७ | संस्थागत व्यवस्था २० | तथ्याङ्क सङकलन तथा व्यवस्थापन | स्थानीय तहले वडा तथा वस्तीस्तरका समुदायका आधारभूत खण्डिकृत सूचना/तथ्याङ्क संकलन तथा अध्यावधिक गर्ने गरेको/नगरेको। | १ | स्थानीय तहले वडा तथा वस्तीस्तरका समुदायका आधारभूत खण्डिकृत सूचना/तथ्याङ्क संकलन तथा अध्यावधिक गर्ने गरेको। | स्थानीय तहले वडा तथा वस्तीस्तरका समुदायका आधारभूत खण्डिकृत सूचना/तथ्याङ्क संकलन गरेको तर अध्यावधिक गर्ने नगरेको। | स्थानीय तहले वडा तथा वस्तीस्तरका समुदायका आधारभूत खण्डिकृत सूचना/तथ्याङ्क संकलन नगरेको । | खण्डिकृत तथ्याङ्क सहितको वस्तुगत विवरण (गाउँ/नगर प्रोफाईल)। |
| ३८ | संस्थागत व्यवस्था २० | तथ्याङ्क सङकलन तथा व्यवस्थापन | स्थानीय तहले वडा तथा वस्तीस्तरका समुदायका आधारभूत खण्डिकृत सूचना/तथ्याङ्क संकलन गर्दा बेरोजगार तथा गरिबको पहिचान गरी छुट्टाछुट्टै नक्साङ्कन गर्ने गरे/नगरेको। | ०.५ | स्थानीय तहले वडा तथा वस्तीस्तरका समुदायका आधारभूत खण्डिकृत सूचना/तथ्याङ्क संकलन गर्दा बेरोजगार तथा गरिबको पहिचान गरी छुट्टाछुट्टै नक्साङ्कन गर्ने गरेको। | स्थानीय तहले वडा तथा वस्तीस्तरका समुदायका आधारभूत खण्डिकृत सूचना/तथ्याङ्क संकलन गर्दा बेरोजगार तथा गरिबको पहिचान गरेको तर छुट्टाछुट्टै नक्साङ्कन नगरेको। | स्थानीय तहले वडा तथा वस्तीस्तरका समुदायका आधारभूत खण्डिकृत सूचना/तथ्याङक संकलन गर्दा बेरोजगार तथा गरिबको पहिचान एवं छुट्टाछुट्टै नक्साङ्कन नगरेको। | खण्डिकृत तथ्याङ्क सहितको वस्तुगत विवरण र नक्शांकन (गाउँ/नगर प्रोफाईल)। |
| ३९ | संस्थागत व्यवस्था २० | तथ्याङ्क सङकलन तथा व्यवस्थापन | स्थानीय तहले आफ्नो पार्श्वचित्रमा आधारित खण्डीकृत तथ्याङ्क र सूचनालाई आधार मानि स्थानीय विकास योजना तर्जुमा गर्ने गरे/नगरेको। | १ | स्थानीय तहले आफ्नो पार्श्वचित्रमा आधारित खण्डीकृत तथ्याङक र सूचनालाई आधार मानि स्थानीय विकास योजना तर्जुमा गर्ने गरेको। | स्थानीय तहले आफ्नो पार्श्वचित्रमा आधारित खण्डीकृत तथ्याङ्क र सूचनालाई आंशिकरूपमा मात्र आधार मानि स्थानीय विकास योजना तर्जुमा गर्ने गरेको। | स्थानीय तहले आफ्नो पार्श्वचित्रमा आधारित खण्डीकृत तथ्यांक र सूचनालाई आधार मानि स्थानीय विकास योजना तर्जुमा गर्ने नगरेको। | स्थानीय पार्श्वचित्र र खण्डीकृत तथ्यांक तथा सूचनाको विवरण |
| ४० | संस्थागत व्यवस्था २० | तथ्याङ्क सङकलन तथा व्यवस्थापन | स्थानीय तहले आफ्नो क्षेत्रका सामाजिक सुरक्षाका सुविधा पाउने लाभग्राहीहरू र पञ्जिकरणको अभिलेख व्यवस्थापन तथा तथ्याङ्क अध्यावधिक गरे/नगरेको। | १ | स्थानीय तहले आफ्नो क्षेत्रका सामाजिक सुरक्षाका सुविधा पाउने लाभग्राहीहरू र पञ्जिकरणको अभिलेख व्यवस्थापन तथा तथ्याङ्क अध्यावधिक गरेको। | स्थानीय तहले आफ्नो क्षेत्रका सामाजिक सुरक्षाका सुविधा पाउने लाभग्राहीहरू र पञ्जिकरणको अभिलेख व्यवस्थापन गरेपनि तथ्याङ्क अध्यावधिक नगरेको। | स्थानीय तहले आफ्नो क्षेत्रका सामाजिक सुरक्षाका सुविधा पाउने लाभग्राहीहरू र पञ्जिकरणको अभिलेख व्यवस्थापन तथा तथ्याङ्क अध्यावधिक नगरेको। | पञ्जिकरण सम्वन्धी अध्यावधिक अभिलेख |
| | | | | ३.५ | | | | |

| सि.नं | मूल बिषय | उप विषय | सूचक | प्राप्ताङ्ग | १ अंक आउने अवस्था | ०.५ अंक आउने अवस्था | ० अक आउने अवस्था | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|---|
| ७८ | सेवा प्रवाह २० | स्वरोजगार तथा आय आर्जन र बजार व्यवस्थापन | स्थानीय तहले स्वरोजगार तथा बैदेशिक रोजगारीमा जाने महिला तथा लक्षित समुहको क्षमता विकासको लागि कार्यक्रमहरू तय गरी कार्यान्वयवन गरे/नगरेको। | ०.५ | स्थानीय तहले स्वरोजगार तथा बैदेशिक रोजगारीमा जाने महिला तथा लक्षित समुहको क्षमता विकासको लागि कार्यक्रमहरू तय गरी कार्यान्वयवन गरेको। | स्थानीय तहले स्वरोजगार तथा बैदेशिक रोजगारीमा जाने महिला तथा लक्षित समुहको क्षमता विकासको लागि कार्यक्रमहरू तय गरे तापनि कार्यान्वयवन नगरेको । | स्थानीय तहले स्वरोजगार तथा बैदेशिक रोजगारीमा जाने महिला तथा लक्षित समुहको क्षमता विकासको लागि कार्यक्रमहरू तय नगरेको। | वार्षिक नीति तथा योजना र सम्वद्ध निर्णयहरु |
| ७९ | सेवा प्रवाह २० | स्वरोजगार तथा आय आर्जन र बजार व्यवस्थापन | ग्रामीण महिला प्राविधिकहरू (पशु सेवा, कृषि, खाद्य प्रविधी, वन, स्वास्थ्य र पूर्वाधार लगायतका विषय सम्बन्धी प्राविधिक)र सामाजिक परिचालक तयार गर्ने नीति लिई सो अनुरूप कार्यक्रम संचालन गरे/नगरेको। | १ | ग्रामीण महिला प्राविधिकहरू (पशु सेवा, कृषि, खाद्य प्रविधी, वन, स्वास्थ्य र पूर्वाधार लगायतका विषय सम्बन्धी प्राविधिक) र सामाजिक परिचालक तयार गर्ने नीति लिई सो अनुरूप कार्यक्रम संचालन गरेको। | ग्रामीण महिला प्राविधिकहरू (पशु सेवा, कृषि, खाद्य प्रविधी, वन, स्वास्थ्य र पूर्वाधार लगायतका विषय सम्बन्धी प्राविधिक)र सामाजिक परिचालक तयार गर्ने नीति लिए तापनि कार्यक्रम संचालन नगरेको। | ग्रामीण महिला प्राविधिकहरू (पशु सेवा, कृषि, खाद्य प्रविधी, वन, स्वास्थ्य र पूर्वाधार लगायतका विषय सम्बन्धी प्राविधिक) र सामाजिक परिचालक तयार गर्ने नीति नलिएको। | आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम |
| ८० | सेवा प्रवाह २० | स्वरोजगार तथा आय आर्जन र बजार व्यवस्थापन | गरिब तथा लक्षित समुहको पहुँच र क्रयशक्ति अनुरूप सुपथमूल्य सहकारी पसलहरूको व्यवस्थापन गर्ने स्थानीय तहको नीति रहे/नहरेको र | १ | गरिब तथा लक्षित समुहको पहुँच र क्रयशक्ति अनुरूप सुपथमूल्य सहकारी पसलहरूको व्यवस्थापन गर्ने स्थानीय तहको नीति रहेको र सो | गरिब तथा लक्षित समुहको पहुँच र क्रयशक्ति अनुरूप सुपथमूल्य सहकारी पसलहरूको व्यवस्थापन गर्ने स्थानीय तहको नीति रहे तापनि | गरिब तथा लक्षित समुहको पहुँच र क्रयशक्ति अनुरूप सुपथमूल्य सहकारी पसलहरूको व्यवस्थापन गर्ने स्थानीय तहको नीति नहरेको। | सहकारी संस्था प्रवर्द्धन सम्वन्धी नीति |

| सि.नं | मूल बिषय | उप विषय | सूचक | प्राप्ताङ्क | १ अंक आउने अवस्था | ०.५ अंक आउने अवस्था | ० अक आउने अवस्था | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|---|
| | | | सो अनुरूप कार्यक्रम कार्यान्वयन भए/नभएको। | | अनुरूप कार्यक्रम कार्यान्वयन भएको। | सो अनुरूप कार्यक्रम कार्यान्वयन नभएको। | | |
| | | | | ३ | | | | |
| ८१ | सुशासन तथा उत्तरदायित्व २० | सुशासन | स्थानीय तहले सेवा प्रवाह, विकास निर्माण र सुशासन प्रवर्द्धनका बिषयमा नीति, कानून जारी गरी सोही बमोजिम तोकिएका पदाधिकारी/ समिति/कार्यदलबाट निर्णय गरी कार्य गर्ने गरेको वा तदर्थ (पटके/ स्वेच्छाअनुरूप) निर्णय गरी कार्य हुने गरेको। | १ | स्थानीय तहले सेवा प्रवाह, विकास निर्माण र सुशासन प्रवर्द्धनका बिषयमा नीति, कानून जारी गरी सोही बमोजिम तोकिएका पदाधिकारी/ समिति/ कार्यदलबाट निर्णय गरी कार्य गर्ने गरेको। | स्थानीय तहले सेवा प्रवाह, विकास निर्माण र सुशासन प्रवर्द्धनका बिषयमा नीति, कानून जारी गरेको तर सोही बमोजिम तोकिएका पदाधिकारी/ समिति/ कार्यदलबाट निर्णय नगरी तदर्थ (पटके/स्वेच्छा अनुरूप) निर्णय गरी कार्य हुने गरेको। | स्थानीय तहले सेवा प्रवाह, विकास निर्माण र सुशासन प्रवर्द्धनका बिषयमा नीति, कानून जारी गरी सोही बमोजिम तोकिएका पदाधिकारी/ समिति/कार्यदलबाट निर्णय गरी कार्य गर्ने नगरी तदर्थ ( पटके/स्वेच्छाअनुरूप) निर्णय गरी कार्य हुने गरेको। | स्थानीय तहले सेवा प्रवाह,विकास निर्माण र सुशासन प्रवर्धनका बिषयमा जारी गरेका नीति तथा कानून |
| ८२ | सुशासन तथा उत्तरदायित्व २० | सुशासन | स्थानीय तहले विधिको शासन प्रवर्द्धन, जनसहभागिता अभिवृद्धि, भ्रष्टाचार विरूद्ध शून्य सहनशीलता, सेवा प्रवाहमा निश्पक्षता र महिला तथा लक्षित समुहलाई अग्राधिकार दिने नीति लिई सो वमोजिम कार्यान्वयन गरे/नगरेको। | १ | स्थानीय तहले विधिको शासन प्रवर्द्धन, जनसहभागिता अभिवृद्धि, भ्रष्टाचार विरूद्ध शून्य सहनशीलता,सेवा प्रवाहमा निश्पक्षता र महिला तथा लक्षित समुहलाई अग्राधिकार दिने नीति लिई सो वमोजिम कार्यान्वयन गरेको। | स्थानीय तहले विधिको शासन प्रवर्द्धन, जनसहभागिता अभिवृद्धि, भ्रष्टाचार बिरूद्ध शून्य सहनशीलता,सेवा प्रवाहमा निश्पक्षता र महिला तथा लक्षित समुहलाई अग्राधिकार दिने नीति लिए तापनि सो वमोजिम कार्यान्वयन नगरेको। | स्थानीय तहले विधिको शासन प्रवर्धन, जनसहभागिता अभिवृद्धि, भ्रष्टाचार बिरूद्ध शून्य सहनशीलता,सेवा प्रवाहमा निश्पक्षता र महिला तथा लक्षित समुहलाई अग्राधिकार दिने नीति नलिएको। | सम्बद्ध कानून, नीति तथा कार्यविधि |
| ८३ | सुशासन तथा उत्तरदायित्व २० | सुशासन | महिला अधिकार तथा समानताका लागि भएका बेइजिङ्ग घोषणा पत्रका वाह्रवटा प्रतिवद्धताहरूका क्षेत्रमा कार्यक्रम तय गरी कार्यान्वयन गर्ने गरेको/नगरेको। | ०.५ | महिला अधिकार तथा समानताका लागि भएका बेइजिङ्ग घोषणा पत्रका वाह्रवटा प्रतिवद्धताहरूका क्षेत्रमा कार्यक्रम तय गरी कार्यान्वयन गर्ने गरेको। | महिला अधिकार तथा समानताका लागि भएका बेइजिङ्ग घोषणा पत्रका वाह्रवटा प्रतिवद्धताहरूका क्षेत्रमा कार्यक्रम तय भए तापनि कार्यान्वयन नगरेको। | महिला अधिकार तथा समानताका लागि भएका बेइजिङ्ग घोषणा पत्रका वाह्रवटा प्रतिवद्धताहरूका क्षेत्रमा कार्यक्रम तय गरी कार्यान्वयन गर्ने नगरेको | स्वीकृत नीति तथा कार्यक्रम |

| सि.नं | मूल बिषय | उप विषय | सूचक | प्राप्ताङ्क | १ अंक आउने अवस्था | ०.५ अंक आउने अवस्था | ० अक आउने अवस्था | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|---|
| ८४ | सुशासन तथा उत्तरदायित्व २० | सुशासन | संयुक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धी, १९८९ मा उल्लेख भए अनुरुपका प्रतिवद्धता कार्यान्वयन गर्न रकम विनियोजन गरी कार्यक्रम संचालन गरे/नगरेको । | १ | संयुक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धी, १९८९ मा उल्लेख भए अनुरुपका प्रतिबद्धता कार्यान्वयन गर्न रकम विनियोजन गरी कार्यक्रम संचालन गरेको । | संयुक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धी, १९८९ मा उल्लेख भए अनुरुपका प्रतिबद्धता कार्यान्वयन गर्न रकम विनियोजन गरे तापनि कार्यक्रम संचालन नगरेको । | संयुक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धी, १९८९ मा उल्लेख भए अनुरुपका प्रतिबद्धता कार्यान्वयन गर्न रकम विनियोजन नगरेको । | नीति तथा कार्यक्रम |
| | | | | ३.५ | | | | |
| ८५ | सुशासन तथा उत्तरदायित्व २० | उत्तरदायित्व तथा जवाफदेहिता | स्थानीय तहले नियमितरुपमा कार्यक्रमको सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण गर्ने गरे/नगरेको । | ०.५ | स्थानीय तहले नियमितरुपमा संचालित सबै कार्यक्रमको सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण गर्ने गरेको । | स्थानीय तहले आंशिकरुपमा केहि कार्यक्रमको मात्र सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण गर्ने गरेको । | स्थानीय तहले कुनैपनि कार्यक्रमको सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण गर्ने नगरेको । | सम्बद्ध कानून, नीति तथा कार्यविधि |
| ८६ | सुशासन तथा उत्तरदायित्व २० | उत्तरदायित्व तथा जवाफदेहिता | स्थानीय तहले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा लक्षित समुहका व्यक्ति तथा समुदायका सदस्यको उपस्थिति रहने गरे/नगरेको | ०.५ | स्थानीय तहले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा लक्षित समुहका व्यक्ति तथा समुदायका सदस्यको उपस्थिति रहने गरेको | स्थानीय तहले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा लक्षित समुहका केही व्यक्ति तथा समुदायका सदस्यको कहिलेकाहीं मात्र उपस्थिति रहने गरेको | स्थानीय तहले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा लक्षित समुहका व्यक्ति तथा समुदायका सदस्यको उपस्थिति रहने नगरेको | वार्षिक विकास कार्यक्रम |

| सि.नं | मूल बिषय | उप विषय | सूचक | प्राप्ताङ्ग | १ अंक आउने अवस्था | ०.५ अंक आउने अवस्था | ० अक आउने अवस्था | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|---|
| ८७ | सुशासन तथा उत्तरदायित्व २० | उत्तरदायित्व तथा जवाफदेहिता | स्थानीय तहले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा लक्षित समुदायको तर्फबाट स्थानीय तहले लिएको नीति तथा कार्यक्रम र सो को कार्यान्वयका विषयमा प्रश्न उठ्ने गरे/नगरेको र सोको अभिलेख राखी उठेका प्रश्नउपर स्थानीय तहबाट सम्बोधन हुने गरे/नगरेको । | १ | स्थानीय तहले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा लक्षित समुदायको तर्फबाट स्थानीय तहले लिएको नीति तथा कार्यक्रम र सो को कार्यान्वयका विषयमा उठेका प्रश्नहरुको अभिलेख राखी सम्बोधन हुने गरेको । | स्थानीय तहले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा लक्षित समुदायको तर्फबाट स्थानीय तहले लिएको नीति तथा कार्यक्रम र सो को कार्यान्वयका विषयमा उठेका प्रश्नहरुको अभिलेख राखे तापनि सम्बोधन हुने नगरेको । | स्थानीय तहले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा लक्षित समुदायको तर्फबाट स्थानीय तहले लिएको नीति तथा कार्यक्रम र सोको कार्यान्वयका विषयमा उठेका प्रश्नहरुको अभिलेख राख्ने र सम्बोधन गर्ने नगरेको । | वार्षिक विकास कार्यक्रम |
| ८८ | सुशासन तथा उत्तरदायित्व २० | उत्तरदायित्व तथा जवाफदेहिता | स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीको आचार संहिता स्वीकृत गरी कार्यान्वयनमा ल्याए/नल्याएको । | १ | स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीको आचार संहिता स्वीकृत गरी कार्यान्वयनमा ल्याएको । | स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीको आचार संहिता स्वीकृत गरे तापनि कार्यान्वयनमा नल्याएको । | स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीको आचार संहिता स्वीकृत नै नगरेको । | स्वीकृत आचार संहिता |
| | | | | ३ | | | | |
| ८९ | सुशासन तथा उत्तरदायित्व २० | सुचना तथा सञ्चार | स्थानीय तहले नियमितरुपमा समग्र वार्षिक योजना तथा कार्यक्रम सार्वजनिक गर्ने गरे/नगरेको र महिला, लगायत अन्य सबै लक्षित समुहका लागि राखिएका कार्यक्रम तथा सोको बजेट सरोकारवालाले थाहा पाउनेगरी सार्वजनिक गरे/नगरेको । | १ | स्थानीय तहले नियमितरुपमा समग्र वार्षिक योजना तथा कार्यक्रम सार्वजनिक गर्ने गरेको र महिला लगायत अन्य सबै लक्षित समुहका लागि राखिएका कार्यक्रम तथा सोको बजेट सरोकारवालाले थाहा पाउनेगरी सार्वजनिक गरेको । | स्थानीय तहले नियमितरुपमा समग्र वार्षिक योजना तथा कार्यक्रम सार्वजनिक गर्ने गरे तापनि महिला लगायत अन्य सबै लक्षित समुहका लागि राखिएका कार्यक्रम तथा सोको बजेटका सम्वन्धमा सरोकारवालाले थाहा पाउने गरी सार्वजनिक नगरेको । | स्थानीय तहले नियमितरुपमा समग्र वार्षिक योजना तथा कार्यक्रम सार्वजनिक गर्ने नगरेको र महिला, लगायत अन्य सबै लक्षित समुहका लागि राखिएका कार्यक्रम तथा सोको बजेट सरोकारवालाले थाहा पाउनेगरी सार्वजनिक गर्ने नगरेको । | वार्षिक विकास कार्यक्रम |

| सि.नं | मूल बिषय | उप विषय | सूचक | प्राप्ताङ्क | १ अंक आउने अवस्था | ०.५ अंक आउने अवस्था | ० अक आउने अवस्था | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|---|
| ९० | सुशासन तथा उत्तरदायित्व २० | सुचना तथा सञ्चार | स्थानीय तहले स्थानीय सूचना सबैले बुझ्ने गरी स्थानीय भाषामा प्रवाह तथा प्रशारण गर्ने गरे/नगरेको । | ०.५ | स्थानीय तहले स्थानीय सूचना सबैले बुझ्ने गरी स्थानीय भाषामा प्रवाह तथा प्रशारण गर्ने गरेको । | स्थानीय तहले स्थानीय सूचना प्रवाह तथा प्रशारण गर्ने गरे तापनि स्थानीय भाषामा गर्ने नगरेको । | स्थानीय तहले स्थानीय सूचना स्थानीय भाषामा प्रवाह तथा प्रशारण गर्ने नगरेको । | नीति तथा कार्यक्रम |
| ९१ | सुशासन तथा उत्तरदायित्व २० | सुचना तथा सञ्चार | स्थानीय तहले स्थानीय रेडियो, एफ.एम, छापा लगायत श्रब्यदृश्य समेतका सबै माध्यमद्वारा लैङ्गिक समानता तथा समावेशीकरण सम्बन्धी सूचना प्रवाह गरी जनतालाई सुसुचित गरे/नगरेको | १ | स्थानीय तहले स्थानीय रेडियो, एफ.एम, छापा लगायत श्रब्यदृश्य समेतका सबै माध्यमद्वारा लैङ्गिक समानता तथा समावेशीकरण सम्बन्धी सूचना प्रवाह गरी जनतालाई सुसुचित गरेको । | स्थानीय तहले स्थानीय रेडियो, एफ.एम, छापा लगायत श्रब्यदृश्य मध्ये केही माध्यमद्वारा मात्र लैङ्गिक समानता तथा समावेशीकरण सम्बन्धी सूचना प्रवाह गरी जनतालाई सुसुचित गरेको । | स्थानीय तहले स्थानीय रेडियो, एफ.एम, छापा लगायत श्रब्यदृश्य जस्ता कुनैपनि माध्यमद्वारा लैङ्गिक समानता तथा समावेशीकरण सम्बन्धी सूचना प्रवाह गरी जनतालाई सुसुचित नगरेको । | नीति तथा कार्यक्रम |
| ९२ | सुशासन तथा उत्तरदायित्व २० | सुचना तथा सञ्चार | स्थानीय तहमा महिला लगायत सबै लक्षित समुहमा सूचना, शिक्षा तथा संचारसम्बन्धी कार्यक्रमको प्रवाहबाट जनचेतना वृद्धि भएको/नभएको । | ०.५ | स्थानीय तहमा महिला लगायत सबै लक्षित समुहमा सूचना, शिक्षा तथा संचारसम्बन्धी कार्यक्रमको प्रवाहबाट जनचेतना वृद्धि भएको । | स्थानीय तहमा महिला लगायत केही लक्षित समुहमा सूचना, शिक्षा तथा संचारसम्बन्धी कार्यक्रमको प्रवाहबाट जनचेतना वृद्धि भएको । | स्थानीय तहमा महिला लगायत कुनैपनि लक्षित समुहमा सूचना, शिक्षा तथा संचारसम्बन्धी कार्यक्रमको प्रवाहबाट जनचेतनामा वृद्धि नभएको । | सहभागी तालिम/कार्यक्रम पूर्वको मूल्याङ्कन प्रतिवेदन र तालिम पश्चातको मूल्याङ्कन प्रतिवेदन (एचभ तभकत बलम एयकत तभकत) |
| | | | | ३ | | | | |
| ९३ | सुशासन तथा उत्तरदायित्व २० | अनुगमन मूल्यांकन | स्थानीय तहबाट संचालित कार्यक्रम तथा परियोजनाबाट सबै लक्षित वर्ग तथा समुदायले लाभ लिन सके/नसकेको । | १ | स्थानीय तहबाट संचालित कार्यक्रम तथा परियोजनाबाट सबै लक्षित वर्ग तथा समुदायले लाभ लिन सकेको । | स्थानीय तहबाट संचालित कार्यक्रम तथा परियोजनाबाट केही लक्षित वर्ग तथा समुदायले मात्र लाभ लिन सकेको । | स्थानीय तहबाट संचालित कार्यक्रम तथा परियोजनाबाट कुनैपनि लक्षित वर्ग तथा समुदायले लाभ लिन नसकेको । | स्थलगत अनुगमन प्रतिवेदन |

| सि.नं | मूल बिषय | उप विषय | सूचक | प्राप्ताङ्ग | १ अंक आउने अवस्था | ०.५ अंक आउने अवस्था | ० अक आउने अवस्था | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|---|
| ९४ | सुशासन तथा उत्तरदायित्व २० | अनुगमन मूल्यांकन | स्थानीय तहले संचालन गरेका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन गर्दा सरोकारवालालाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण गरे/नगरेको । | ०.५ | स्थानीय तहले संचालन गरेका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास सम्बन्धी सबै कार्यक्रमको अनुगमन, मूल्याङ्कन गर्दा सरोकारवालालाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण गरेको । | स्थानीय तहले संचालन गरेका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन गर्दा सरोकारवालालाई पुगेको लाभ, असर र प्रभाव आशिंकरुपमा मात्र विश्लेषण गरेको । | स्थानीय तहले संचालन गरेका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास सम्वन्धी कुनैपनि कार्यक्रमको अनुगमन, मूल्याङ्कन गर्दा सरोकारवालालाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण नगरेको । | स्थलगत अनुगमन प्रतिवेदन |
| ९५ | सुशासन तथा उत्तरदायित्व २० | अनुगमन मूल्यांकन | स्थानीय तहको समीक्षा बैठकमा महिला लगायत सबै लक्षित वर्ग तथा समुदायको उपस्थितिमा उक्त वर्गसंग सम्वन्धित लक्षित कार्यक्रम उपर छलफल हुने गरे/नगरेको । | ०.५ | स्थानीय तहको समीक्षा बैठकमा महिला लगायत सबै लक्षित वर्ग तथा समुदायको उपस्थितिमा उक्त वर्गसंग सम्वन्धित लक्षित कार्यक्रम उपर छलफल हुने गरेको । | स्थानीय तहको समीक्षा बैठकमा महिला लगायत सबै लक्षित वर्ग तथा समुदायको उपस्थितिमा उक्त वर्गसंग सम्वन्धित लक्षित कार्यक्रम उपर कहिलेकाहीं केही कार्यक्रममा मात्र छलफल हुने गरेको । | स्थानीय तहको समीक्षा बैठकमा महिला लगायत लक्षित वर्ग तथा समुदायको उपस्थितिमा कहिल्यैपनि छलफल हुने नगरेको । | वार्षिक विकास कार्यक्रम |
| ९६ | सुशासन तथा उत्तरदायित्व २० | अनुगमन मूल्यांकन | अनुगमन तथा मूल्याङ्कनको पृष्ठपोषणलाई सम्बोधन गरी योजना तथा कार्यक्रम तयार गरे/नगरेको । | ०.५ | अनुगमन तथा मूल्याङ्कनको पृष्ठपोषणलाई सम्बोधन गरी योजना तथा कार्यक्रम तयार गरेको । | अनुगमन तथा मूल्याङ्कनको पृष्ठपोषणका केही विषयवस्तुलाई मात्र सम्बोधन गरी योजना तथा कार्यक्रम तयार गरेको । | अनुगमन तथा मूल्याङ्कनको पृष्ठपोषणलाई सम्बोधन गरी योजना तथा कार्यक्रम तयार नगरेको । | अनुगमन तथा मूल्याङ्कन |
| | | | | २.५ | | | | |
| ९७ | सुशासन तथा उत्तरदायित्व २० | समन्वय र सम्बन्ध विस्तार | स्थानीय तहले संघ र प्रदेश सरकारले तय गरेका नीति, कानून तथा कार्यक्रमहरूको कार्यान्वयनमा सहकार्य, समन्वय र सहजीकरण गरे/नगरेको । | १ | स्थानीय तहले संघ र प्रदेश सरकारले तय गरेका नीति, कानून तथा कार्यक्रमहरूको कार्यान्वयनमा सहकार्य, समन्वय र सहजीकरण गरेको । | स्थानीय तहले संघ र प्रदेश सरकारले तय गरेका नीति, कानून तथा कार्यक्रमहरूको कार्यान्वयनमा आंशिकरुपमा मात्र सहकार्य, समन्वय र सहजीकरण गरेको । | स्थानीय तहले संघ र प्रदेश सरकारले तय गरेका नीति, कानून तथा कार्यक्रमहरूको कार्यान्वयनमा सहकार्य, समन्वय र सहजीकरण नगरेको । | स्थानीय तहको वार्षिक नीति तथा कार्यक्रम |

| सि.नं | मूल बिषय | उप विषय | सूचक | प्राप्ताङ्क | १ अंक आउने अवस्था | ०.५ अंक आउने अवस्था | ० अक आउने अवस्था | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|---|
| ९८ | सुशासन तथा उत्तरदायित्व २० | समन्वय र सम्बन्ध विस्तार | लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरूबीच सञ्जाल निर्माण भई कार्यगत छलफल हुने गरे/नगरेको । | १ | लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरूबीच सञ्जाल निर्माण भई कार्यगत छलफल वर्षमा कम्तिमा २ पटक हुने गरेको । | लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरूबीच सञ्जाल निर्माण भइ कार्यगत छलफल वर्षमा कम्तिमा १ पटक हुने गरेको । | लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरूबीच सञ्जाल निर्माण नभएको । | कानून, नीति तथा कार्यविधि, आदिमा संजाल निर्माण सम्वन्धी व्यवस्था |
| ९९ | सुशासन तथा उत्तरदायित्व २० | समन्वय र सम्बन्ध विस्तार | लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरूबीच कार्यगत संयन्त्र (संजाल) का प्रतिनिधिहरूलाई लैङ्गिक तथा समावेशी विकास सम्बन्धी क्षमता विकास तालिम प्रदान गरे/नगरेको । | १ | लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरूबीच कार्यगत संयन्त्र (संजाल) का अधिकांश प्रतिनिधिहरूलाई लैङ्गिक तथा समावेशी विकास सम्बन्धी क्षमता विकास तालिम प्रदान गरेको । | लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरूबीच कार्यगत संयन्त्र (संजाल) का केही प्रतिनिधिलाई मात्र लैङ्गिक तथा समावेशी विकास सम्वन्धी क्षमता विकास तालिम प्रदान गरेको । | लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरूबीच कार्यगत संयन्त्र (संजाल) का प्रतिनिधिलाई लैङ्गिक तथा समावेशी विकास सम्वन्धी क्षमता विकास तालिम प्रदान नगरेको । | वार्षिक बजेट तथा कार्यक्रम |
| १०० | सुशासन तथा उत्तरदायित्व २० | समन्वय र सम्बन्ध विस्तार | महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिको राष्ट्रिय कार्ययोजना, संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को राष्ट्रिय कार्ययोजना र मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनि उल्लेख गरिएका कार्यक्रमहरूमा रकम विनियोजन गरी कार्यान्वयन गरे/नगरेको । | १ | महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिको राष्ट्रिय कार्ययोजना, संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को राष्ट्रिय कार्ययोजना र मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनि उल्लेख गरिएका कार्यक्रमहरूमा रकम विनियोजन गरी कार्यान्वयन गरेको । | महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिको राष्ट्रिय कार्ययोजना, संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को राष्ट्रिय कार्ययोजना, मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनि उल्लेख गरिएका कार्यक्रमहरूमा रकम विनियोजन गरे तापनि कार्यान्वयन नगरेको । | महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिको राष्ट्रिय कार्ययोजना, संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को राष्ट्रिय कार्ययोजना, मानव अधिकार सम्वन्धी राष्ट्रिय कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनि उल्लेख गरिएका कार्यक्रमहरूमा रकम विनियोजन नगरेको । | वार्षिक नीति, योजना, बजेट तथा कार्यक्रम |
| | | | | ४ | | | | |

तालिका २

शिवपुरी गाउँपालिकाको लैङ्गिक समानता सामाजिक समावेशीकरण परीक्षणको

शिर्षकगत प्राप्तांक तालिका, २०७९

| **क्र.स.** | **सूचक र उप-सूचकहरू** | **अंक** | **प्राप्ताङ्क** |
|---|---|---|---|
| १ | नीति कानून योजना | २० | १४.५ |
| २ | संस्थागत व्यवस्था | २० | १६.० |
| ३ | मानव संसाधन तथा क्षमता विकास | २० | १३.५ |
| ४ | सेवा प्रवाह | २० | १५.० |
| ५ | सुशासन तथा उत्तरदायित्व | २० | १६.० |
| | जम्मा | १०० | ७५ |

तालिका ३

शिवपुरी गाउँपालिकाको लैङ्गिक समानता सामाजिक समावेशीकरण परीक्षणको

माकुरी जालो



तालिका ४

शिवपुरी गाउँपालिकाको लैङ्गिक समानता सामाजिक समावेशीकरण परीक्षणको

नतिजा बार चार्ट



तालिका ५

शिवपुरी गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको

उप विषय क्षेत्रगत माकुरी जालो



तालिका ६

शिवपुरी गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको

उप विषय क्षेत्रगत बार चार्ट



तालिका ७

शिवपुरी गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको

समग्र मूल्यांकन अवस्था तथा परिणाम

| अवस्था | बर्गिकरण | परिणाम |
|---|---|---|
| सवै सूचकको प्राप्तांक ८० वा सो भन्दा बढी | सर्वोत्तम | |
| सवै सूचकको प्राप्तांक ६० वा सो भन्दा बढि र ८० भन्दा कम | उत्तम | उत्तम |
| सवै सूचकको प्राप्तांक ४० वा सो भन्दा बढि र ६० भन्दा कम | सामान्य | |
| सवै सूचकको प्राप्तांक ० वा सो भन्दा बढि र ४० भन्दा कम | कमजोर | |

# खण्ड तीन : अवस्था विश्लेषण

## ८. लैससास परीक्षण विश्लेषण औजारहरु

लैससास परीक्षणलाई विभिन्न औजारहरुको माध्यमबाट विश्लेषण गरिएका छन् । जसमा केहि औजारहरुको प्रयोग तथा उपादेयताका बारेमा तल प्रस्तुत गरिएका छन् ।

सूचकको लेखाजोखा : यस खण्डमा स्थानीय तहको लैङ्गिक समानता तथा सामाजिक परीक्षण दिग्दर्शन २०७८ ले निर्धारण गरेका ५ वा विषयक्षेत्र २२ उपविषयक्षेत्र तथा १०० वटा सूचकलाई सामुहिक मूल्यांकन गरी अंक दिईएको छ । उक्त अंकका आधारमा माकुरीजालो, बारचार्ट तथा समग्र नतिजा खाका तयार गरिएका छन् । (तालिका १ देखि ७ सम्म)

अवस्था विश्लेषण : तालिका १ देखि ७ सम्म प्राप्त नतिजा, गाउँपालिकाका विभिन्न दस्तावेजको अध्ययन् तथा मुख्य व्यक्तिहरुसँगको छलफलका आधारमा स्थानीय तहको लैङ्गिक समानता सामाजिक परीक्षण दिग्दर्शन २०७८ को मागर्दशन बमोजिम शिवपुरी गाउँपालिकाको प्रमुख उपलब्धीहरु, विषय क्षेत्रगत रुपमा सवलपक्ष तथा सुधार गर्नुपर्ने पक्ष, परीक्षणका क्रममा प्राप्त तथ्यका खाधारमा वार्षिक विस्तृत कार्ययोजना तथा निश्कर्ष तथा सिफारिस तयार गरीएका छन् ।

### ९. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका मुख्य प्राप्तिहरु

**अघिल्लो लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणको समिक्षा तथा तुलना**

गाँउपालिकामा प्राप्त दस्तावेज अनुसार शिवपुरी गाउँपालिकाले आर्थिक बर्ष २०७६/०७७ को लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण सम्पन्न गरेको देखिन्छ । उक्त परीक्षणमा तत्कालीन लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण विधि एवम् श्रोत पुस्तिका २०७६ को आधारमा विभिन्न ८ वटा क्षेत्रका ५६ वटा सूचकमा लेखाजोखा गरी लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परप्क्षण सम्पन्न गरिएको पाइन्छ । आर्थिक बर्ष २०७६/०७७ को लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणमा कुल ५६ सूचक मध्ये २३ अंक प्राप्त गरी ४१ प्रतिशत अर्थात सामान्य स्तरमा वर्गिकरण भएको दस्तावेज गाउँपालिकाबाट प्राप्त भएको छ ।

यसवर्षको लैङ्गिक समानता तथा सामाजिक परीक्षण दिग्दर्शन २०७८ ले निर्धारण गरेका ५ वटा विषयक्षेत्र, २२ उपविषयक्षेत्र तथा १०० वटा सूचकलाइ आधार मानेर कार्यपालिकाका कर्मचारी र जनप्रतिनिधीहरुको सक्रिय सहभागितामा गरिएको सामूहिक छलफलको आधारमा प्राप्त प्रतिशतलाई अघिल्लो लैंङ्गीक समानता तथा सामाजिक समावेशीकरण परीक्षणबाट प्राप्त भएको प्रतिशतसंग तुलना गर्दा यस पटकको परीक्षणले गाउँपालिकामा लैंङ्गीक समानता तथा सामाजिक समावेशीकरणको अवस्थामा धेरै सुधार भएको प्रमाणित गरेको छ ।







**यस पटकको लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणको सान्दर्भिकता**

**क) नीति कानून योजनामा लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

गाउँपालिकाले तर्जुमा गर्ने कानून (ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड), नीति र रणनीति तर्जुमा गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिले सकृय सहभागिता हुने गरेको छैन । तथापि यस्ता प्रकारका दस्तावेजहरु तयार गर्दा लिङ्ग, वर्ग, जातजाती, भाषीक समूदायका मानिसहरुलाई छलफलमा सहभागी गराई उनीहरुको सुझावलाई समेत समाविष्ट गरेर तयार पार्नुपर्ने देखिन्छ ।

गाउँपालिकाले तर्जुमा गरेका ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड, नीति र रणनीतिका बारेमा निर्वाचित पदाधिकारी तथा कर्मचारीहरुलाई नियमित अभिमुखीकरण भएको पाइदैन । साथै स्वीकृत भएका कानून र नीतिहरु वेवसाइटमा राखिएता पनि ती नीति तथा कानूनहरुलाई प्रकाशन गरी सवैको पहुँचमा हुने गरी गाउँपालिकाका सम्वन्धित शाखाहरु र

वडा कार्यालयमा नराखिएकोले आगामी दिनमा तर्जुमा गरिएका कानून, नीति र रणनीतिको बारेमा गाउँपालिकामा अभिमुखीकरण कार्यक्रम संचालन गर्नुपर्ने र सम्पूर्ण शाखा र वडा कार्यालयमा राख्नु पर्ने देखिन्छ।

गाउँपालिकाको लैससास नीति तर्जुमाका लागि विभिन्न वर्ग, क्षेत्र, जातजाती, समूहसंग छलफल भइ हाल उक्त नीति तयारीको अन्तिम चरणमा रहेको देखिन्छ भने अन्य महिला तथा सामाजिक रुपमा वञ्चितिमा परेको समुदायहरु जस्तै अपांगतामैत्री, वालमैत्री, लैङ्गिक मैत्री, दलित वा जोखिममा परेको र अन्य समुदायको सामाजिक तथा आर्थिक रुपान्तरणका लागि छुट्टै नीति, निर्देशिका वा कार्यविधिहरु वनेको देखिदैन। गाउँपालिकामा हुनसक्ने सबै प्रकारका विभेद र दुर्व्यवहार जस्तै यौनजन्य, जातीय र महिला हिंसा नियन्त्रण, समान कामका लागि समान ज्यालाको लागि नीति बनाएर लागु गरिएको नदेखिएकोले तत्काल यस्ता प्रकारका नीतिहरु बनाइ कार्यान्वयन गर्नु आवश्यक देखिन्छ।

गाउँपालिकाले आवधिक र वार्षिक योजना तर्जुमा गरी विभिन्न विकास निर्माण एवम् चेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ। जसमा लैंङ्गिक तथा सामाजिक रुपमा बहिष्करणमा परेका व्यक्ति र समूहहरुको समाजिक तथा आर्थिक हैसियतमा परिवर्तन ल्याउने गरी आवधिक तथा वार्षिक योजनामा स्पष्ट लक्ष्य, उद्देश्य, रणनीति तथा नतिजामा उल्लेख गर्न आवश्यक देखिएको छ।

गाउँपालिकाले गाउँ वस्तुगत विवरणमा उपलब्ध तथ्याङ्कको आधारमा लिङ्ग, उमेर, भूगोल, जातजाति, भाषा, संस्कृति, वर्ग, अपाङ्गता भएका व्यक्ति आदि अनुसारको आंशिक छुट्टाछुट्टै अवस्था विश्लेषण र आवश्यकता पहिचान गरी आवधिक तथा क्षेत्रगत योजना तर्जुमा गर्ने गरेको पाइएकोले वस्तुगत विवरणलाई बार्षिक रुपमा अद्यावधिक गर्दै योजना तर्जुमा गर्नु आवश्यक देखिन्छ।

वस्तीस्तरको योजना तर्जुमा प्रक्रियामा सबै प्रकारका लिङ्ग र समुदायको अर्थपूर्ण सहभागिता भइ योजना तर्जुमा हुने गरेको छ तथापि योजना छनोट र प्राथमिकिकरणका आधारहरुलाई अवलम्वन गरी योजना तर्जुमा गर्नु आवश्यक देखिन्छ।

गाउँपालिकाले वार्षिक नीति तथा कार्यक्रम बनाउदाँ आवधिक, क्षेत्रगत योजनाहरुलाई आधार मानेर बनाउने गरेको पाइएपनि लैङ्गिक उत्तरदायी बजेट तर्जुमा प्रक्रिया अवलम्बन गरी कार्ययोजना तयार गर्ने गरेको नपाइएकोले आगामी दिनमा लैङ्गिक उत्तरदायी बजेट तर्जुमा प्रक्रिया अवलम्बन गरी वार्षिक योजना तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने देखिन्छ। वार्षिक कार्यक्रममा विषयगत समिति अनुसार छुट्याईएको बजेट र कार्यक्रममा लैससासलाई केहि मात्रामा भएपनि एकमुष्ठ बजेट विनियोजन मार्फत संवोधन गर्ने गरी विषयगत कार्यकमहरु तयार गरिएको देखिएकोले लैससासलाई स्पष्ट सम्बोधन हुने गरी योजना तर्जुमा गर्नुपर्ने आवश्यकता देखिन्छ। वञ्चितिकरण र जोखिममा परेका व्यक्ति र समुदायको लागि जस्तै : आदिवासी जनजाति दलित र अल्पसंख्यकको उत्थान तथा क्षमता विकास कार्यक्रम, अध्यक्षसँग बृद्धबृद्धा कार्यक्रम, बाख्रा पालक कृषकका लागि गोठ सुधार अनुदान जस्ता कार्यक्रम तथा बजेट तय भइ कार्यान्वयन भएको छ।

## ख) संस्थागत व्यवस्थापनमा लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण

उपभोक्ता समिति गठन गर्दा वडा सदस्यको उपस्थितिमा आम भेला गर्ने गरेको र उक्त भेलामा सहजीकरणका लागि वडाका कर्मचारी र वडा सदस्यहरुको प्रमुख भूमिका हुने गरेको पाइएको छ। अधिकांश उपभोक्ता समितिमा ३३ प्रतिशत भन्दा बढी महिलाको सहभागिता रहेको र अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला सदस्य रहेको पाइएको छ भने उक्त उपभोक्ता समितिमा लैङ्गिक तथा वहिस्करणमा परेका व्यक्ति र समूह, लाभान्वित समूहको समेत प्रतिनिधित्व भएको छ।

अनुगमन तथा सुपरिवेक्षण समितिले विगतमा अनुगमनका क्रममा अनुगमन सूचकहरुको प्रयोग गरी अनुगमन गर्ने नगरेको र चालु वर्षबाट लैससास सम्बन्धि सूचकहरु समावेश गरी अनुगमन निर्देशिका जारी गरेर अनुगमन गर्ने गरेको

पाइयो तथापि आगामी दिनमा यसलाई प्रभावकारी रुपमा कार्यान्वयनका लागि समय सापेक्ष अनुगमन सूचकहरुमा परिमार्जन गर्दै अनुगमन गर्नु पर्ने देखिन्छ।

लैङ्गिक तथा वहिस्करणमा परेका व्यक्ति र समुहहरुको आपसी खिचातानी र समयमै सूचनाहरु प्राप्त गर्न नसक्दा उनीहरुको उत्थानका लागि तर्जुमा गरिएका कार्यक्रमहरु मध्ये केहि कार्यक्रम सम्पन्न भएको र केहि सम्पन्न नभएको देखियो। तसर्थ आगामी दिनमा समयमै सूचना प्रवाह गरी योजना कार्यान्वयनमा तत्पर रहनुपर्ने देखिन्छ। यद्यपि सम्पन्न योजनाहरुबाट लैङ्गिक तथा वहिस्करणमा परेका व्यक्ति र समूहहरुलाई लागत अनुरुप पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्ने गरेको पाइएन तसर्थ आगामी दिनमा यस्ता प्रकारका योजनाहरु कार्यान्वयन पश्चात् लागत अनुरुप पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्नु अपरिहार्य देखिएको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ बमोजिम गाउँपालिकामा गठित न्यायिक समिति र वडा तहका मेलमिलाप केन्द्रमा लैङ्गिक तथा सामाजिक रुपमा वहिस्करणमा परेका व्यक्ति र समूहको प्रतिनिधित्व भएको पाइदैन । हालसम्म गठन भएका मेलमिलाप केन्द्रमा ४८ घण्टा तालिम प्राप्त व्यक्ति मात्र मेलमिलाप केन्द्रमा सदस्य हुन पाउने प्रावधान रहे बमोजिम अन्य व्यक्तिहरुको प्रतिनिधित्व हुन असम्भव प्रायः देखिन्छ । न्यायिक समिति र मेलमिलाप केन्द्रमा दर्ता भएका र समाधान भएका विवादहरुको स्पष्ट अभिलेख राखेको नपाइएकोले आगामी दिनमा खण्डीकृत तथ्याङ्क सहितको अभिलेख राख्नुपर्ने देखिन्छ ।

गाउँपालिकाद्धारा गठित समितिहरु, उपसमिति तथा कार्यदलमा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको केहि हदसम्म समानुपातिक प्रतिनिधित्व भए पनि आवश्यकता अनुरुप हुन सकेको छैन ।

स्थानीय तहमा लैससास फोकल पर्सनको व्यवस्था हुनुपर्ने कानूनी प्रावधान छ। तोकिएका लैससास फोकल पर्सनहरुले लैससास विकासको लागि सक्रिय हुनु पर्ने आवश्यक देखिन्छ। विकासको हरेक प्रक्रियामा लैससास मूलप्रवाहीकरण गर्न फोकल पर्सनको अहम भूमिका रहेको हुन्छ। यस गाउँपालिकाले महिला तथा बालबालिका शाखामा कार्यरत कर्मचारीलाई लैससास फोकल पर्सन तोके पनि प्रष्ट कार्य विवरणको आवश्यक र क्षमता विकासको लागि तालिमहरुको आवश्यकता देखिन्छ। गाउँपालिकामा विकासको हरेक पक्षलाई लैससास संवेदनशिल बनाउन लैससास मुलप्रवाहिकरण समन्वय समिति गठन र क्रियाशिल हुन आवश्यक देखिन्छ।

लैङ्गिक तथा सामाजिक रुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको विकासका लागि छुट्टै कोषको स्थापना गरी उनीहरुको हितमा उक्त कोष संचालन गर्नु आवश्यक देखिए पनि महिला सम्बन्धि कोष बाहेक अन्य कोषहरु स्थापना नभएको पाइएको छ। स्थापित कोषलाई कोष सञ्चालन कार्यविधि बनाइ आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गर्नु आवश्यक छ ।

महिला, अपाङ्गता, दलित, आदिवासी र जनजाती आदिको विकासको लागि बिभिन्न समिति गठन गरी उनीहरुको आवश्यकता बमोजिम कार्यक्रम तर्जुमा गर्नु पर्ने आवश्यकता भए पनि कार्यक्रमको आधारमा बजेट तयार पारिन्छ र बजेट अनुसारको खर्च गरी सोही अनुसार आर्थिक प्रतिवेदन प्रस्तुत गरिन्छ ।

बाल हेल्पलाइन १०९८, बालबालिका हराएमा वा भेटिएमा १०४, महिला तथा बालबालिकामाथि हुने हिंसाको वारेमा उजुरी गर्न सकिने राष्ट्रिय महिला आयोगको टोल फ्रि नं. ११४५, घरेलु हिंसा जस्ता उपयोगी जानकारीहरु समुदाय स्तरसम्म प्रभावकारी ढंगबाट सूचना प्रवाह गर्न स्थानीय संयन्त्र प्रयोग गरी लाभग्राहीहरुलाई आंशिक रुपमा सूचना प्रवाह गर्ने गरेको पाइएकोले आगामी दिनमा यस्ता प्रकारका सहुलियतहरु प्रयोग गर्नका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी नागरिकहरुको पहुँच बढाउनु आवश्यक देखिन्छ ।

गाउँपालिकाले समुदायमा आधारित संस्थाहरु वा समितिहरु जस्तैः महिला समुह, आमा समुह, जेष्ठ नागरिक समहु, वाल क्लब, कृषि समुह दर्ता र सूचीकृत गरी सक्रियरुपमा संचालनमा ल्याएको पाइएको छ। महिलाहरुको वडास्तरमा समूह र गाउँपालिका स्तरीय सञ्जाल निर्माण हुने क्रममा छ भने बाल क्लब गठनका लागि केहि वडाहरुमा वडा स्तरको क्लब गठन भइ क्रियाशिल रहको र बाँकी वडा र गाउँपालिका स्तरको सञ्जाल गठनका

लागि प्रक्रियामा रहेकाले यथासक्य चाँडो गठन गरी उनीहरुको क्षमता विकासका क्रियाकलापहरु संचालन गर्नु आवश्यक छ। एवं प्रकारले कृषि समुहहरु पनि दर्ता प्रक्रियामा रहेकाले दर्ता गराइ क्रियाशिल बनाउनु आवश्यक देखिन्छ।

### ग) मानव संसाधनमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

गाउँपालिकामा संस्थागत स्व-मूल्याङ्कन गरी क्षमता विकास योजना बनाउने अभ्यास भर्खरै मात्र प्रदेश सुशासन केन्द्रको सहकार्यमा आरम्भ भएको देखिन्छ। गाउँपालिकाको क्षमता विकासका लागि आवश्यक कार्ययोजना बनाउनुपर्ने र त्यसका लागि आवधिक, क्षेत्रगत र वार्षिक कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्नु आवश्यक देखिएकाले आगामी तर्जुमा गरिने योजनामा अनिवार्य रुपमा यस्ता कार्ययोजनालाई अनिवार्य रुपमा समेटेर कार्यान्वयन गर्नु आवश्यक छ।

गाउँपालिका विशेष गरी वडा तहमा संचालन गर्ने क्षमता विकास कार्यक्रमहरुमा सहभागिहरुको छनौट गर्दा लैङ्गिक तथा सामाजिकरुपमा बहिष्करणमा परेका केहि व्यक्ति र समूहलाई मात्र विशेष प्राथमिकतामा राखेर आवश्यकता पहिचानका आधारमा क्षमता विकास गर्ने गरिएकोमा आगामी दिनमा सम्पूर्ण बर्ग,समूह र क्षेत्रका सहभागिहरुलाई समेटेर क्षमता विकास गर्नु आवश्यक छ। यस्ता प्रकारका कार्यक्रममा स्वरोजगारी सृजना गर्न सक्ने क्षेत्रलाई प्राथमिकतामा राखेर सञ्चालन गर्न सकेमा उनीहरुको आय आर्जन क्षमतामा बृद्धि भइ स्वरोजगारको अवस्था सृजना हुन सक्ने सम्भव प्राय देखिन्छ।

महिला विकासका लागि भएका बेईजिङ घोषणा पत्रका बाह्रवटा प्रतिवद्धता र दिगो विकासका सत्रवटा लक्ष्यहरु, बाल अधिकार, जातीय विभेद विरुद्धको अन्तराष्ट्रिय महासन्धी (ICERD), ILO, अपांगता भएका व्यक्तिहरुको अधिकार संरक्षण गर्ने महासन्धि आदिको वारेमा स्थानीय सरकारका प्रतिनिधि र कर्मचारीहरुलाई अभिमुखिकरण नभएको पाइएकोले यथासक्य चाँडो यस बारेमा अभिमुखीकरण गर्नु आवश्यक देखिएको गरिएको छ। कोहि पनि पछाडी नछुटुन् भन्ने कुराको सुनिश्चितताको लागि अध्ययन र विश्लेषण गरी तथ्याङ्क अद्यावधिक गर्नु आवश्यक छ। यसका अलावा दिगो विकासका लक्ष्यहरुलाई सम्पूर्ण सरोकारवालाहरुसंगको सहकार्यमा स्थानीयकरण गरी कार्यान्वयन गर्न आवश्यक देखिन्छ।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW) कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसंघीय सुरक्षा परीषदबाट पारीत प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनी उल्लेख गरेका कार्यक्रमहरुमा रकम विनियोजन नगरेको पाइएकोले आगामी दिनमा यस्ता कार्यक्रमहरुलाई प्राथमिकतामा राखी बजेट विनियोजन गरेर कार्यान्वयन गर्नु अपरिहार्य देखिन्छ।

महिला अधिकार स्थापना र महिला माथि हुने हिंसा विरुद्धको विभिन्न दिवस र अभियान जस्तै महिला हिंसा विरुद्धको १६ दिने अभियान, किशोरी दिवस, अन्तराष्ट्रिय महिला दिवस, स्वच्छ महिनावारी दिवस सम्बन्धी कार्यक्रम मध्ये महिला हिंसा विरुद्धको १६ दिने अभियान कार्यक्रम संचालन भएको र अन्य कार्यक्रम गाउँपालिकामा कार्यरत गैरसरकारी संघसंस्थाहरुले कार्य प्रकृति अनुसार सञ्चालन गर्ने पाइएकोले आगामी दिनहरुमा गाउँपालिकाबाट यस्ता प्रकृतिका कार्यक्रमहरुलाई प्राथमिकता दिई कार्यक्रम कार्यान्वयन गर्नु आवश्यक देखिन्छ।

बालमैत्री स्थानीय शासन कार्यक्रम सञ्चालनका लागि गाउँपालिकाले बजेट विनियोजन गरी कार्यक्रम तर्जुमा गरेकाले सो कार्यक्रमबाट बाल अधिकार संरक्षण र सम्बर्द्धन गर्ने पक्षमा सुनिश्चित हुनु पर्ने देखिन्छ भने अन्य समाजमा विद्यमान जातीय विभेद र छुवाछुत सम्बन्धी सामाजिक, सांस्कृतिक र धार्मिक कुरीति र अभ्यास हटाउनका लागि वजेट विनियोजन सहित कार्यक्रम तयार पानी समयमै कार्यान्वयनका लागि गाउँपालिकाले पहल गर्नुपर्ने देखिन्छ।

मानव संसाधन विकास इकाईको स्थापना र श्रोत व्यक्तिहरुको अभिलेख राख्ने र महिला श्रोत व्यक्तिहरुको विवरण पनि अभिलेखमा राख्न आवश्यक देखिन्छ । स्थानीय भाषाका माध्यमबाट तालिम दिने गरेको छैन र स्थानीय भाषाका जानकार महिला र पुरुषहरुलाई अवसर दिन आवश्यक देखिन्छ । गाउँपालिकाले नियमित रुपमा लैससास विषयमा साझा चासो भएका राष्ट्रिय तथा अन्तरराष्ट्रिय संस्थाहरुसंग समन्वय गरी वैठक तथा विचारको आदान प्रदान गर्न आवश्यक भएको देखिन्छ । महिला विरुद्ध सबै खाले हिंसा निर्मुल सम्वन्धी सचेतना कार्यक्रम संचालन गर्न महिला कानुनी शिक्षाको कार्यक्रम महिला शिक्षा, स्वास्थ्य, रोजगार, संचारमा जोड दिन आवश्यक भएको कुरा सहभागीहरुबाट औंल्याएको थियो ।

### घ) सेवा प्रवाहमा लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण

लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करण र जोखिममा परेका व्यक्ति र समुदायको नक्सांकन नगरिएको तथा वार्षिक रुपमा अद्यावधिक पनि नगरेको पाइएकोले गाउँपालिकाले आगामी आवबाट यस्ता प्रकारका ब्यक्ति र समुदायको खण्डीकृत तथ्याङ्क संकलन गरी यसैका आधारमा योजना तर्जुमा गर्दा प्रभावकारी हुने देखिन्छ । यसका अतिरिक्त सेवा प्रवाहलाई प्रभावकारी एवं सबैको पहुँच अभिबृद्धि गर्न गाउँपालिकाले पहल गरेको देखिए पनि यसलाई निरन्तरता दिनका लागि गाउँपालिकासंग यावत् कार्यक्रम र निर्दिष्ट योजना हुनु आवश्यक देखिएको छ । गाउँपालिका र वडा कार्यालयहरुमा बालबालिका, जेष्ठ नागरिक, महिला र अपांगमैत्री भौतिक संरचना अपर्याप्त भएको र स्थानीय तहले सेवाग्राहीहरु प्रतिक्षारत रहँदा बस्ने ठाऊँको उचित व्यवस्थापन जस्तै पिउने पानी, महिला र पुरुष शौचालय, प्रतिक्षालय आदिको सिमित ब्यवस्थापन गरेको पाइएको छ । तसर्थ आगामी दिनहरुमा निर्माण हुने भौतिक संरचनाहरु प्रयोगकर्तामैत्री हुनु पर्नेमा सबैको जोड रहेको पाईएको छ ।

गाउँपालिकाको विकास कार्यक्रममा लैससास मूलप्रवाहीकरण गर्न सर्वप्रथम कार्यरत कर्मचारीहरु नै लैससास संवेदनशील हुन आवश्यक छ । गाउँपालिकाका कर्मचारीहरुमा लैससास सचेतना सम्वन्धी सीमित ज्ञान भएको अध्ययनबाट पाईयो । कर्मचारीहरुले विकासको कार्यक्रमहरुमा कसरी लैससास मूलप्रवाहीकरण गर्ने भन्ने ज्ञानको कमी भएको अवगत गराइएको थियो । गाउँपालिकाको मानव संसाधन विकासको निर्देशिका लैससास संवेदनशिल हुनु पर्ने औंल्याएको छ ।

### ङ) सुशासन तथा उत्तरदायित्वमा लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण

गाउँपालिकाले हालसम्म गाउँपालिका स्तरीय सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण कार्य गरेपनि सामाजिक परिक्षण, लैससास परिक्षणको अभ्यास नगरेको पाइयो भने गुनासो सुनुवाईका लागि गुनासो सुन्ने अधिकारीको व्यवस्था र गुनासोको व्यवस्थापन गर्ने गरिएको, विद्युतीय सामुदायिक सूचना पाटीको व्यवस्था मार्फत सेवाग्राहीलाई सेवाप्रवाहको बारेमा जानकारी गराइएको, नागरिक वडापत्र जस्ता सामाजिक जवाफदेहिताका औजारहरुको कार्यान्वयन गर्ने गरेको पाइएको छ तथापि उक्त सामाजिक जवाफदेहिताका औजारहरुको प्रयोग गर्दा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरुको सहभागिता सुनिश्चित गर्ने नगरिएकोले आगामी दिनमा यस्ता वर्गको अर्थपूर्ण सहभागिता हुनुपर्ने देखिन्छ ।

सार्वजनिक सुनुवाईका लागि बहिर्गमन अभिमत र नागरिक प्रतिवेदनको प्रयोग मार्फत सेवाग्राहीले भोगेका वास्तविक समस्याको उजागर हुने भएकाले आगामी दिनमा यस्ता प्रकारका औजारहरुको प्रयोग अनिवार्य देखिन्छ । हाल गाउँपालिकाको वेभसाइट निर्माण भई विभिन्न महत्वपूर्ण सूचनाहरु यसै वेभसाइट मार्फत सार्वजनिक गर्ने अभ्यास भइरहेको र आगामी दिनहरुमा गाउँपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेट, आय-व्यय, पार्श्वचित्र, जोखिम नक्साकंन, आवधिक तथा रणनीतिक योजनाहरु, पञ्जीकरणको तथ्यांक, सामाजिक सुरक्षा भत्ताको विवरण तथा अन्य नियमित सूचनाहरुलाई सबैले बुझ्ने सरल र सजिलो भाषामा अद्यावधिक गर्न आवश्यक देखिएको छ साथै यस्ता प्रकारका सूचनाहरु स्थानीय संचार माध्यम र सूचना पाटीबाट प्रकाशित गर्ने प्रचलनलाई अरु बढवा दिन आवश्यक देखिन्छ ।

आगामी दिनमा लैससासका राम्रा अभ्यासहरु, घटना अध्ययन आदिको प्रकाशन गर्ने, विभिन्न समितिहरुमा छलफल गर्ने, अन्य स्थानीय तह, नागरिक समाज तथा प्रदेश र संघ सम्वन्धित निकायहरुसंग आदान प्रदान गर्ने र सूचना, शिक्षा र

संचारका साधनहरुको प्रभावकारी प्रयोगका लागि सम्पूर्ण सहभागिहरुको ऐक्यमत देखिएकाले यसलाई तत्काल कार्यान्वयन गर्न बाञ्छनिय देखिन्छ ।

## ९.२ परीक्षण पश्चात सूचकहरुले प्राप्त गरेका अंक

| क्र.सं. | सूचकहरु | अंक | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | नीति कानून योजना | २० | १४.५ |
| २ | संस्थागत व्यवस्था | २० | १६.० |
| ३ | मानव संसाधन तथा क्षमता विकास | २० | १३.५ |
| ४ | सेवा प्रवाह | २० | १५.० |
| ५ | सुशासन तथा उत्तरदायित्व | २० | १६.० |
| | **जम्मा** | १०० | ७५ |

## ९.३ माकुरे जालो



## १०. गाउँपालिकाको लैससास दृष्टिकोणवाट सवल पक्ष  र सुधार गर्नुपर्ने पक्षहरु

### १०.१ नीति कानून र योजना

| सवल पक्षहरु | सुधार गर्नु पर्ने पक्षहरु |
|---|---|
| ▪ स्थानीय तहको नीति तथा कानूनको मस्यौदा तयार गर्ने कार्यदिशामा  लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण, पूर्व दस्तावेजको समीक्षा गर्दा लैससास दृष्टिकोणले भएको, मस्यौदाको बिषयवस्तु र शब्द चयन समावेशी र सहभागितामूलक हुने गरेको ।<br>▪ स्थानीय तहको नीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास (स्थानीय कानून, नीति, आवधिक र वार्षिक योजनामा भएका नीतिहरू) सम्बन्धी विषयहरु समावेश भएको ।<br>▪ संघीय कानूनले व्यवस्था गरे वमोजिम स्थानीयस्तरमा महिला तथा वञ्चितीमा परेको समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाएको र सोहि अनुरूप कार्यन्वयन हुने गरेको ।<br>▪ आवधिक योजना र वार्षिक विकास कार्यक्रममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम र सोको मापनयोग्य लक्ष्य समावेश गरिएको ।<br>▪ गाउँपालिका/ नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका तथा सबै लक्षित  समूहको अवस्था विश्लेषणको आधारमा सो समूहलाइ प्रत्यक्ष्य फाइदा पुग्ने गरी कूल पूँजीगत बजेटको निश्चित प्रतिश छुट्याउने गरेको<br>▪ स्थानीय तहका योजना महिला, बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष / निर्दिष्ट लाभ पुग्नेगरी  बनेको ।<br>▪ बजेट तथा कार्यक्रम तर्जुमा गर्नु पूर्व समुदायका महिला, बालबालिका, अपाङ्ग, जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग, दलित लगायत सबै लक्षित वर्ग र समुदायसँग छलफल (विश्लेषण) गर्ने गरिएको ।<br>▪ स्थानीय तहमा  लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण  एवं परीक्षण  नियमितरुपमा गर्न बजेटको व्यवस्था गरिएको र सोको  कार्यान्वयन भएको । | ▪ स्थानीय तहले आफ्ना नीति, कानून, योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिले उपयुक्त भए नभएको बारे हरेक दस्तावेजमा   लेखाजोखा वा विश्लेषण गरी सुनिश्चित गर्नुपर्ने ।<br>▪ स्थानीय तहले कार्यान्वयनमा ल्याएका ऐन, नियम, तथा कार्यविधिमा महिला, किशोरी, बालिकाहरु  तथा लक्षित वर्ग लगायतमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरु  अन्त्य गर्ने प्रावधान राख्नुपर्ने ।<br>▪ स्थानीय तहले गाउँ, वस्तीस्तरबाट योजना पहिचान तथा छनौट गर्दा सबै लक्षित समूहको सक्रीय सहभागिता हुने गरेको र लक्षित समुहले छनौट गरेका योजनालाई प्राथमिकता दिनुपर्ने ।<br>▪ स्थानीय तहले दीगो विकासका लक्ष्यहरूमध्ये लक्ष्य ५ लैङ्गिक समानता प्राप्त गर्ने  विषयलाई स्थानीयकरण गरी  सो अनुसारको बजेट विनियोजन गर्नुपर्ने ।<br>▪ स्थानीय तहका उपभोक्ता समितिहरुमा लक्षित समुहका प्रतिनिधि सहित कम्तिमा ४०% महिलाहरूको सहभागिता भएको र मुख्य कार्यकारी पदको  जिम्मेवारी दिनुपर्ने<br>▪ परीक्षण पश्चात लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजना कार्यान्वयनका लागि  बजेट तथा कार्यक्रम वार्षिक योजनामा समावेश गरेको  र सो को पूर्णरुपमा कार्यान्वयन गर्नुपर्ने । |

### १०.२ संस्थागत ब्यवस्था

| सवल पक्षहरु | सुधार गर्नु पर्ने पक्षहरु |
|---|---|
| ▪ स्थानीय तहको निर्णायक तहमा महिलाहरू (पदाधिकारी/कर्मचारी) को कम्तिमा ३३ प्रतिशत प्रतिनिधित्व भएको ।<br>▪ स्थानीय तहका कर्मचारीहरूको पदपूर्ति गर्दा सबै जातजाति, क्षेत्र, लिङ्ग र समुदाय लगायत लक्षित | ▪ स्थानीय तहको निर्णायक तहमा महिलाहरू (पदाधिकारी/कर्मचारी) को समानरुपमा ( ५०/५० प्रतिशत) प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने ।<br>▪ स्थानीय तहले महिला लगायत विशेष जातजाति तथा समुदायलाई सेवा प्रदान गर्दा सम्बन्धीत लक्षित वर्ग |

| | |
|---|---|
| वर्गको समानुपातिक प्रतिनिधित्व हुने रणनीति लिएको र सो वमोजिम कार्यान्वयन भएको ।<br>▪ जनप्रतिनिधिहरु तथा कर्मचारीहरुलाई क्षमता विकासको अवसर प्रदान गर्दा महिला तथा वञ्चितीकरणमा परेका समुदायलाई पहिलो प्राथमिकता दिई सबैलाई समान अवसर प्रदान गर्ने गरी सकारात्मक विभेदको नीति लिएको तथा उक्त नीति कार्यन्वयन गरिएको ।<br>▪ महिला र पुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि स्थानीय तहको निश्चित कार्यनीति रहेको ।<br>▪ स्थानीय तहबाट कार्यालयमा हुन सक्ने सबै प्रकारको दुर्व्यवहार, भेदभाव महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागु गरेको ।<br>▪ स्थानीय तहले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूमा महिला तथा वञ्चितिकरणमा परेको समुदायका प्रतिनिधिहरूले छलफल तथा निर्णय निर्माणमा सक्रियरुपमा भाग लिन पाएको ।<br>▪ आदिवासी जनजाति, दलित लगायत अन्य लक्षित समूहका महिलाहरूको विकास र सशक्तिकरणको लागि वजेटको व्यवस्था भएको र उनीहरूको आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गरेको ।<br>▪ स्थानीय तहले आफ्नो पार्श्वचित्रमा आधारित खण्डीकृत तथ्याङक र सूचनालाई आधार मानि स्थानीय विकास योजना तर्जुमा गर्ने गरेको ।<br>▪ स्थानीय तहले आफ्नो क्षेत्रका सामाजिक सुरक्षाका सुविधा पाउने लाभग्राहीहरू र पञ्जिकरणको अभिलेख व्यवस्थापन तथा तथ्याङ्क अध्यावधिक गरेको । | वा समुदायको भाषा, संस्कृति र रहन सहन बुझ्ेको साथै महिला संवेदनशील कर्मचारी वा जनप्रतिनिधि समेत समावेश भएको कार्यटोली वा शाखा मार्फत सेवा दिने ब्यवस्था गर्नुपर्ने ।<br>▪ कार्यक्रमहरूको अनुगमन र समीक्षा सम्बन्धी कार्यमा गाउँपालिकाले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूले महिला तथा वञ्चितीकरणमा परेको समुदायको हितहुने गरी विश्लेषण सहित नीतिगत र कार्यगत सुझाव दिने ब्यवस्था गर्नुपर्ने ।<br>▪ स्थानीय तहले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूले महिला तथा वञ्चितीकरणमा परेको समुदायको हित हुने गरी दिइएका नीतिगत र कार्यगत सुझावहरुको कार्यान्वयन गर्ने ब्यवस्था गर्नुपर्ने ।<br>▪ स्थानीय तहमा लैङ्गिक डेस्कको स्थापना र संचालनको लागि आवश्यक जनशक्ति लगायत अन्य स्रोत साधनकोलागि वजेटको व्यवस्था गर्ने र कार्यान्वयन गर्नुपर्ने ।<br>▪ वडा वस्तीस्तरका समुदायका आधारभूत खण्डिकृत सूचना/तथ्याङ्क संकलन गर्दा बेरोजगार तथा गरिबको पहिचान गरी छुट्टाछुट्टै नक्साङ्कन गर्नुपर्ने । |

### १०.३ मानव संसाधन

| सवल पक्षहरु | सुधार गर्नु पर्ने पक्षहरु |
|---|---|
| ▪ गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी तालिम संचालन लगायतका कार्यक्रम कार्यान्वयन गर्न सक्ने यथेष्ट जनशक्ति भएको ।<br>▪ महिला विरुद्ध हुने सबै प्रकारका हिंसा निवारण गर्ने कार्यक्रमका लागि बजेट विनियोजन गरेको ।<br>▪ समाजमा रहेका विभिन्न सामाजिक कुरीति (जातिगत छुवाछुत, छाउपडी, | ▪ लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास कार्ययोजना तयार गर्ने तथा छुट्टै शिर्षकमा वजेट विनियोजन गर्ने र कार्यान्वयन गर्ने ।<br>▪ स्थानीय तहका पदाधिकारी/कमर्चारी/ लक्षित समुहकालागि लैङ्गिक तथा समावेशी विकास, लैङ्गिक हिंसा निवारण सम्बन्धी तालिम सञ्चालन गर्ने ।<br>▪ महिला र लक्षित समुदाय लक्षित लोकसेवा आयोग पूर्व तयारी कक्षा सञ्चालन गर्ने ।<br>▪ महिला हकहित र अधिकार सम्बन्धी बेइजिङ्ग घोषणापत्रले समेटेका वाह्रवटा प्रतिवद्दताका सम्वन्धमा स्थानीय तहका सवै |

| | |
|---|---|
| बाल विवाह, बहुविवाह, दाइजो, आदि) हटाउन कार्यक्रमहरू संचालन गरेको ।<br>▪ महिला तथा समावेशी समूहबाट निर्वाचित भएका जनप्रतिनिधि र कार्यरत कर्मचारीलाई प्रचलित महत्वपूर्ण कानूनहरूको सम्वन्धमा अभिमुखीकरण गरेको ।<br>▪ महिला तथा समावेशी समूहबाट निर्वाचित भएका जनप्रतिनिधि र कार्यरत कर्मचारीलाई प्रचलित महत्वपूर्ण कानूनहरूको सम्वन्धमा अभिमुखीकरण गरेको ।<br>▪ स्थानीय तहका कार्यपालिका सदस्य, सभाका सदस्य र प्रमुख प्रशासकीय अधिकृत लगायत सबै शाखा प्रमुखलाई कानूनको मस्यौदा तर्जुमा सम्बन्धी प्रक्रिया र समस्या समाधान लगायतका विषयवस्तु उपर अभिमुखीकरण गरेको ।<br>▪ स्थानीतहमा विपद सम्बन्धी तथ्याङ्क सङ्कलन, नक्साङ्कन तथा व्यवस्थापन गर्दा प्रभावित महिला तथा लक्षित वर्ग वा समुदाय समेतको खण्डीकृत तथ्याङ्क राखी आपतकालीन कार्यसञ्चालन तथा राहत वितरण गरेको । | पदाधिकारी/ कर्मचारीलाई अभिमुखीकरण मार्फत जानकारी गराउने ।<br>▪ लैङ्गिक हिँसा मुक्त गाउँ/नगरपालिका घोषणा गर्ने र महिला हिंसा विरुद्ध शुन्य सहनशीलताको नीति लिइर्क्ष महिला हिंसाका घटना घटाउने ।<br>▪ स्थानीय तहले महिला विरुद्ध हुने सवै प्रकारका हिंसा निवारण गर्ने कार्यक्रमहरू संचालन गर्नुपर्ने ।<br>▪ स्थानीय तहका प्रत्येक वडामा महिलाका लागि कानूनी सचेतना सम्बन्धी अनुशिक्षण कार्यक्रम (कानूनी हक अधिकार, एकल महिला, मानव बेचविखन, छाउपडी प्रथा, यौनहिँसा, आदि) संचालन गर्ने ।<br>▪ स्थानीय तहले विपद व्यवस्थापन सम्बन्धी मापदण्ड, रणनीति, कार्यनीति लगायत कार्यविधि तयारी गर्दा महिला तथा लक्षित वर्ग वा समुदायसँग परामर्श गर्नुपर्ने ।<br>▪ विपद व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत परिचालन गर्दा सधैं महिला तथा लक्षित वर्ग वा समुदायको सहभागितामा निर्णय गर्ने प्रावधान राख्नुपर्ने । |

**१०.४ सेवा प्रवाह**

| सवल पक्षहरु | सुधार गर्नु पर्ने पक्षहरु |
|---|---|
| ▪ गाउँपालिका अन्तर्गतका कार्यालय, अस्पाताल वा स्वास्थ्य चौकी र सम्भव भएका सार्वजनिक स्थलहरुमा कर्मचारी लगायत सेवाग्राहीलाई लक्षित गरी अलग्गै प्रतिक्षाकक्षको व्यवस्था गरेको र सो को कार्यन्वयन समेत भएको ।<br>▪ परिवार नियोजन, मातृ शिशु कल्याण, विस्तारित खोप, पोषण, जनसंख्या शिक्षा, जनस्वास्थ लगायत महिलाहरूको स्वास्थ्य सुधार सम्बन्धी विशेष कार्यक्रमहरू सवै वडाहरुमा संचालन गरेको ।<br>▪ महिला, आर्थिकरूपले विपन्न घर परिवार लगायत लक्षित समुहको स्वास्थ्य वीमा गर्न सहजीकरण र सहयोग गर्ने कार्यक्रम र बजेट व्यवस्था गरी सोको कार्यान्वयन पनि गरेको<br>▪ स्थानीय तहले आफ्नो क्षेत्र भित्रका विद्यालय जाने उमेर समुहका सबै | ▪ गाउँपालिकाको भवन, भौतिक पुर्वाधार तथा संरचनाहरु, शिक्षा, स्वास्थ्य र अन्य सामाजिक पूर्वाधार सम्बन्धी भवन र अन्य संरचनाहरू निर्माण गर्दा महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गतामैत्री तथा बालमैत्री दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी निर्माण गर्नुपर्ने ।<br>▪ स्थानीय तहका भवन, भौतिक पूर्वाधार तथा अन्य संरचना निर्माणको लागि ड्रइङ, डिजाइन, लागत अनुमान तयार गर्दाका बखत संरचना निर्माण भएपछि महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिले निर्वाध प्रयोग गर्न सकिने गरी लैङ्गिक तथा यौनिक अल्पसंख्यक, बालबालिका र अपाङ्गता मैत्री / संवेदनशील संरचनाको प्रावधान गर्ने ।<br>▪ प्रजनन् स्वास्थ्य सम्बन्धी वार्षिक नीति र कार्यक्रममा गर्भवती महिलालाई जोखिमयुक्त तथा खतरायुक्त काममा नलगाउने व्यवस्था गरी सोको कार्यन्वयन समेत गर्नुपर्ने ।<br>▪ विद्यालयमा छात्र र छात्रा तथा यौनिक अल्पसंख्यकका लागि छुट्टा छुट्टै शौचालय, पानीको व्यवस्था, किशोरी |

| | |
|---|---|
| बालबालिकालाई विद्यालयमा भर्ना गराउने प्रवन्ध मिलाएको र सो वमोजिम सबै बालबालिकाहरु विद्यालय भर्ना भएको ।<br>▪ स्थानीय तहका सबै गाउँ, वस्ती तथा टोलटोलमा कुहिने र नकुहिने घरायसी फोहोर छुट्याउने व्यवस्था, फोहोर संकलन तथा विसर्जन, घरघरमा भान्छाको फोहोर र पानीबाट करेसाबारी, कौसीखेती तथा गमला र फुलबारी जस्ता कार्यक्रममा महिला र पुरूषको समान सहभागिता अभिवृद्धि गर्न जनचेतना लगायत कार्यक्रम सञ्चालन हुने गरेको ।<br>▪ स्थानीय तहका गाउँ, टोल, वस्तीहरूमा सफापानीको सहज व्यवस्थाका लागि आकासेपानी संकलन र भण्डारण, परम्परागत इनार र कुवाको पुनर्जीविकरण र रिचार्जिङ जस्ता कार्यक्रम स्वीकृत भएको र ति कार्यक्रम सञ्चालन गर्दा स्थानीय महिलाहरुको सक्रिय सहभागितामा हुने गरेको ।<br>▪ ग्रामीण महिला प्राविधिकहरू (पशु सेवा, कृषि, खाद्य प्रविधी, वन, स्वास्थ्य र पूर्वाधार लगायतका विषय सम्बन्धी प्राविधिक) र सामाजिक परिचालक तयार गर्ने नीति लिई सो अनुरूप कार्यक्रम संचालन गरेको । | छात्राको लागि सेनेटरि प्याड, साबुन लगायत आवश्यक सामाग्रीको व्यवस्थाको साथै यौन शिक्षा तथा सहजीकरण कार्यक्रमलाई विस्तार गर्ने ।<br>▪ स्थानीय तहका कार्यालय तथा सार्वजनिक स्थलहरूमा सफा पिउने पानी, हात धुने व्यवस्था, महिला, पुरुष तथा यौनिक अल्पसंख्यकको लागि अलग्गै शौचालयको व्यवस्था र साबुन तथा स्यानिटाइजर, आदिको प्रवन्ध गर्ने ।<br>▪ स्थानीय तहको आयोजना तथा स्थानीय महिलाहरुको सक्रिय सहभागितामा वडा वडामा खुला दिसामुक्त पालिका, घरघरमा शौचालय, पिउने पानी, पोखरी निर्माण, टोल सफाइ अभियान जस्ता कार्यक्रम सञ्चालन गर्ने ।<br>▪ स्थानीय तहको आवधिक योजना, वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा बेरोजगारी र गरीबी नक्साङ्कन समेतको आधार लिई महिला तथा लक्षित समुदायलाई प्रत्यक्ष लाभ हुने स्वरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरू समावेश गरी कार्यान्वयन गर्ने ।<br>▪ स्थानीय तहले स्वरोजगार तथा बैदेशिक रोजगारीमा जाने महिला तथा लक्षित समुहको क्षमता विकासको लागि कार्यक्रमहरू तय गरी कार्यान्वयवन गर्ने । |

## १०.५ सुशासन तथा उत्तरदायित्व

| सवल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|
| ▪ स्थानीय तहले सेवा प्रवाह, विकास निर्माण र सुशासन प्रवर्द्धनका बिषयमा नीति, कानून जारी गरी सोही बमोजिम तोकिएका पदाधिकारी/ समिति/ कार्यदलबाट निर्णय गरी कार्य गर्ने गरेको ।<br>▪ विधिको शासन प्रवर्द्धन, जनसहभागिता अभिवृद्धि, भ्रष्टाचार विरूद्ध शून्य सहनशीलता,सेवा प्रवाहमा निष्पक्षता र महिला तथा लक्षित समूहलाई अग्राधिकार दिने नीति लिई सो वमोजिम कार्यान्वयन गरेको ।<br>▪ संयुक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धी, १९८९ मा उल्लेख भए अनुरुपका प्रतिबद्धता कार्यान्वयन गर्न रकम विनियोजन गरी कार्यक्रम संचालन गरेको ।<br>▪ सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा लक्षित समुदायको | ▪ महिला अधिकार तथा समानताका लागि भएका बेइजिङ्ग घोषणा पत्रका बाह्रवटा प्रतिवद्धताहरूका क्षेत्रमा कार्यक्रम तय गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्ने ।<br>▪ गाउँपालिकाले सञ्चालन गर्ने कार्यक्रमको सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचना सार्वजनिक गर्नुपर्ने । र उक्त कार्यक्रममा लक्षित समुहका व्यक्ति तथा समुदायका सदस्यको उपस्थिति सुनिश्चित गर्ने ।<br>▪ स्थानीय सूचना सबैले बुझ्ने गरी सरल भाषामा प्रवाह तथा प्रसारण गर्नुपर्ने ।<br>▪ स्थानीय तहले संचालन गरेका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास सम्बन्धी सबै कार्यक्रमको अनुगमन, मूल्याङ्कन गर्दा |

| | |
|---|---|
| तर्फबाट स्थानीय तहले लिएको नीति तथा कार्यक्रम र सो को कार्यान्वयनका विषयमा उठेका प्रश्नहरुको अभिलेख राखी सम्बोधन हुने गरेको ।<br>▪ जनप्रतिनिधि र कर्मचारीको आचार संहिता स्वीकृत गरी कार्यान्वयनमा ल्याएको ।<br>▪ नियमितरुपमा समग्र वार्षिक योजना तथा कार्यक्रम सार्वजनिक गर्ने गरेको र महिला लगायत अन्य सबै लक्षित समूहका लागि राखिएका कार्यक्रम तथा सोको बजेट सरोकारवालाले थाहा पाउनेगरी सार्वजनिक गरेको ।<br>▪ स्थानीय रेडियो, एफ.एम, छापा लगायत श्रब्यदृश्य समेतका सबै माध्यमद्वारा लैङ्गिक समानता तथा समावेशीकरण सम्बन्धी सूचना प्रवाह गरी जनतालाई सुसुचित गरेको ।<br>▪ कार्यक्रम तथा परियोजनाबाट सबै लक्षित वर्ग तथा समुदायले लाभ लिन सकेको ।<br>▪ संघ र प्रदेश सरकारले तय गरेका नीति, कानून तथा कार्यक्रमहरूको कार्यान्वयनमा सहकार्य, समन्वय र सहजीकरण गरेको ।<br>▪ लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरूबीच कार्यगत संयन्त्र (संजाल)का अधिकांश प्रतिनिधिहरूलाई लैङ्गिक तथा समावेशी विकास सम्बन्धी क्षमता विकास तालिम प्रदान गरेको ।<br>▪ महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिको राष्ट्रिय कार्ययोजना, संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्‌बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को राष्ट्रिय कार्ययोजना र मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनि उल्लेख गरिएका कार्यक्रमहरूमा रकम विनियोजन गरी कार्यान्वयन गरेको । | सरोकारवालालाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्नुपर्ने ।<br>▪ स्थानीय तहको समीक्षा बैठकमा महिला लगायत सबै लक्षित वर्ग तथा समुदायको उपस्थितिमा उक्त वर्गसंग सम्वन्धित लक्षित कार्यक्रम उपर छलफल गर्नुपर्ने ।<br>▪ अनुगमन तथा मूल्याङ्कनको पृष्ठपोषणलाई सम्बोधन गरी योजना तथा कार्यक्रम तयार गर्नुपर्ने । |

## ११. लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास कार्य योजना

| पूर्णाङ्क | प्राप्ताङ्क | अवस्थामा सुधारका लागि आवश्यक कृयाकलाप | मुख्य जिम्मेवारी | | | समयावधी | थप आर्थिक दायित्व व्यहोर्ने | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयन कर्ता | | पर्ने (अनुमानित लागत रु. हजारमा) | नपर्ने |
| **१. नीति कानुन र योजना** | | | | | | | | |
| २० | १४.५ | १.१. गाउँपालिकाले हरेक बर्षको पुष मसान्त भित्र अघिल्लो आर्थिक बर्षको लैससास परीक्षण सम्पन्न गर्ने | लैससास सम्पर्क व्यक्ति | गाउँ कार्यपालिका | गाउँपालिका | २०७९ पुष मसान्त | १०० | |
| | | १.२. कानून, नीति तर्जुमा र संशोधनमा लैससास समूहहरुको प्रतिनिधित्वको सुनिश्चितता गर्ने र उनीहरुको सुझावलाई कानून,नीति तर्जुमामा समावेश गर्ने | प्र.प्र.अ. | गाउँ कार्यपालिका | विधेयक समिति | निरन्तर | | नपर्ने |
| | | १.३ हालसम्म स्वीकृत भएका कानून, नीतिको बारेमा जनप्रतिनिधि र कर्मचारीहरुलाई अभिमुखीकरण गर्ने | प्र.प्र.अ. | गाउँ कार्यपालिका | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा | निरन्तर | १५० | |
| | | १.४ स्वीकृत भएका कानून एवं नीतिहरु वेभसाइट र सबैको शाखा एवं वडामा राख्ने | प्र.प्र.अ. | गाउँ कार्यपालिका | सूचना तथा प्रविधि शाखा | निरन्तर | | नपर्ने |
| | | १.५ स्थानीय तहले कार्यान्वयनमा ल्याएका ऐन, नियम, तथा कार्यविधिमा महिला, किशोरी, बालिकाहरु तथा लक्षित वर्ग मैत्री प्रावधान समावेश गर्न आवधिक संसोधन गर्ने । | सूचना तथा प्रविधि शाखा | गाउँ कार्यपालिका | प्र.प्र.अ. | निरन्तर | | नपर्ने |
| | | १.६ स्थानीय तहले दीगो विकासका लक्ष्यहरूमध्ये लक्ष्य ५ लैङ्गिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण सम्बन्धी कार्यक्रम कार्यान्वयनगर्ने । | प्र.प्र.अ. | गाउँ कार्यपालिका | महिला बालबालिका शाखा | निरन्तर | २०० | |

| पूर्णाङ्क | प्राप्ताङ्क | अवस्थामा सुधारका लागि आवश्यक कृयाकलाप | मुख्य जिम्मेवारी | | | समयावधी | थप आर्थिक दायित्व व्यहोर्ने | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयन कर्ता | | पर्ने (अनुमानित लागत रु. हजारमा) | नपर्ने |
| **२ संस्थागत व्यवस्था** | | | | | | | | |
| २० | १६ | २.१. गाउँबस्तुगत विवरणलाई अद्यावधिक गर्ने | प्र.प्र.अ. | गाउँ कार्यपालिका | सूचना तथा प्रविधि शाखा | २०७९ चैत्र सम्म | १०० | |
| | | **२.२.** लैङ्गिक उत्तरदायी बजेट (GRB) तर्जुमा प्रक्रिया अवलम्बन गरी कार्ययोजना तयार गर्ने | लैससास सम्पर्क व्यक्ति | गाउँ कार्यपालिका | गाउँपालिका | २०७९ पुष मसान्त सम्म | ५० | |
| | | २.३ सबै बिषयगत समितिहरुमा लैससासलाई अनिवार्य रुपमा संबोधन गर्ने | प्र.प्र.अ. | गाउँ कार्यपालिका | महिला बालबालिका शाखा | निरन्तर | | नपर्ने |
| | | २.४ हरेक तहमा महिलाको निर्णाक भूमिकामा प्रतिनिधित्व सुनिश्चित गर्न आवश्यक नीति लिई कार्यान्वयनका लागि कार्यविधि तयार गरी लागू गर्ने | प्र.प्र.अ. | गाउँ कार्यपालिका | गाउँपालिका | निरन्तर | १०० | |
| | | २.५ गाउँपालिकाको चौमासिक समिक्षामा लक्षित बर्गलाई समेत समावेश गराउने तथा चौमासिक समिक्षाको प्रतिवेदन सार्वजनिक गर्नुपर्ने । | सूचना तथा प्रविधि शाखा | गाउँ कार्यपालिका | प्र.प्र.अ. | निरन्तर | | नपने |
| | | २.६ स्थानीय तहमा लैङ्गिक डेस्कको स्थापना र संचालन गर्ने | सुचना प्रविधि अधिकृत | गाउँपालिका | महिला बालबालिका तथा जेष्ठ नागरिक | २०७९ कार्तिक मसान्त भित्र | ५०० | |
| | | २.७ वडा वस्ती स्तरका समुदायका आधारभूत खण्डिकृत सूचना/तथ्याङ्क संकलन गर्ने तथा सोहि विवरणमा बेरोजगार तथा गरीबको पहिचान गरी छुट्टाछुट्टै गर्ने । | सुचना प्रविधि अधिकृत | गाउँपालिका | प्रअअ | २०७९ चैत्र मसान्त भित्र | ३०० | |

| प्रश्नाङ्क | प्राप्ताङ्क | अवस्थामा सुधारका लागि आवश्यक कृयाकलाप | मुख्य जिम्मेवारी | | | समयावधी | थप आर्थिक दायित्व व्यहोर्न | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयन कर्ता | | पर्ने (अनुमानित लागत रु. हजारमा) | नपर्ने |
| **३. मानव संसाधन तथा क्षमता विकास** | | | | | | | | |
| २० | १३.५ | ३.१ अनुगमन तथा सुपरिवेक्षण समितिको क्षमता विकासका लागि आवश्यकता अनुसार तालिम कार्यक्रमहरु संचालन गर्ने | अ.सु.समिति | गाउँ कार्यपालिका | प्र.प्र.अ. | २०७९ पुष मसान्त | ५० | |
| | | ३.२ लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास कार्ययोजना तयार गर्ने तथा छुट्टै शिर्षकमा बजेट विनियोजन गर्ने र कार्यान्वयन गर्ने। | महिला बालबालिका शाखा | गाउँ कार्यपालिका | प्र.प्र.अ. | २०८० असार मसान्त | | नपर्ने |
| | | ३.३ लैङ्गिक तथा वहिस्करणमा परेका व्यक्ति र समुहलाई आयोजनाको उचित प्रतिफल,असर तथा प्रभाव परे नपरेको सम्वन्धमा वर्गीकृत तथ्यांक तथा सुचनाहरुमा आधारित अनुगमन तथा मुल्यांकन गर्ने | प्र.प्र.अ. | गाउँ कार्यपालिका | अ.सु.स. | २०७९ चैत्र मसान्त | | नपर्ने |
| | | ३.४ गाउँपालिकामा सुचना तथा अभिलेख केन्द्रको स्थापना गर्ने तथा व्यवस्थापन गर्ने | सूचना प्रविधि शाखा | गाउँ कार्यपालिका | गाउँपालिका | २०७९ कार्तिक मसान्त | २०० | |
| | | ३.५ लैससास सम्बन्धि सिकाइ आदान प्रदानका लागि चौमासिक रुपमा बुलेटिन प्रकाशन गर्ने | सूचना प्रविधि शाखा | गाउँ कार्यपालिका | महिला तथा बालबालिका शाखा | २०७९ पुष मसान्त | ५०० | |
| | | ३.६ महिला र लक्षित समुदाय लक्षित लोक सेवा आयोग पूर्व तयारी कक्षा सञ्चालन गर्ने। | महिला बालबालिका शाखा | गाउँ कार्यपालिका | गाउँपालिका | २०७९ मंसीर | ५०० | |
| | | ३.७ महिला हक हित र अधिकार सम्बन्धी बेइजिङ्ग घोषणापत्रले समेटेका वाह्रवटा प्रतिवद्दताका सम्वन्धमा स्थानीय | महिला बालबालिका शाखा | गाउँ कार्यपालिका | महिला तथा बालबालिका शाखा | २०७९ चैत्र मसान्त | १०० | |

| पूर्णाङ्क | प्राप्ताङ्क | अवस्थामा सुधारका लागि आवश्यक कृयाकलाप | मुख्य जिम्मेवारी | | | समयावधी | थप आर्थिक दायित्व व्यहोर्ने | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयन कर्ता | | पर्ने (अनुमानित लागत रु. हजारमा) | नपर्ने |
| | | तहका सवै पदाधिकारी/ कर्मचारीलाई अभिमुखीकरण मार्फत जानकारी गराउने । | | | | | | |
| | | ३.८ विपद व्यवस्थापन सम्बन्धी मापदण्ड, रणनीति, कार्यनीति लगायत कार्यविधि तयारी गर्दा महिला तथा लक्षित वर्ग वा समुदायसँग परामर्श गर्ने तथा विपद व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत परिचालन गर्दा सधै महिला तथा लक्षित वर्ग वा समुदायको सहभागितामा निर्णय गर्ने प्रावधान राख्नुपर्ने । | सूचना प्रविधि शाखा | गाउँ कार्यपालिका | गाउँपालिका | २०७९ श्रावण | | नपर्ने |
| | | ३.९ बाल हेल्पलाइन १०९८, बालबालिका हराएमा वा भेटिएमा १०४, महिला तथा बालबालिकामाथि हुने हिंसाको वारेमा उजुरी गर्न सकिने राष्ट्रिय महिला आयोगको टोल फ्रि नं. ११४५, घरेलु हिंसा जस्ता उपयोगी जानकारीहरुको बारेमा प्रचार प्रसार एवं अभिमुखीकरण | सूचना प्रविधि शाखा | प्र.प्र.अ. | महिला तथा बालबालिका शाखा | २०७९ साउनबाट शुरु | | नपर्ने |
| **४. सेवा प्रवाह** | | | | | | | | |
| २० | १५ | ४.१. लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करण र जोखिममा परेका व्यक्ति र समुदायको नक्सांकन | लैससास सम्पर्क व्यक्ति | प्र.प्र.अ. | म.बा.जे.ना. शाखा | २०७९ भदौसम्म | | नपर्ने |
| | | ४.२. बालबालिका, जेष्ठ नागरिक, महिला र अपांगमैत्री भौतिक संरचना (सार्वजनिक स्थल) निर्माणका लागि कार्यविधि निर्माण एवम् कार्यान्वयन | प्र.प्र.अ. | गाउँ कार्यपालिका | विधेयक समिति | २०७९ मंसिरसम्म | | नपर्ने |
| | | ४.३ महिला हिंसा विरुद्दको शुन्य सहनशिलता सम्बन्धि आचार संहिता निर्माण र कार्यान्वयन | लैससास सम्पर्क व्यक्ति | प्र.प्र.अ. | गाउँपालिका | २०७९ चैत्र | | नपर्ने |

| पृष्ठाङ्क | प्राप्ताङ्क | अवस्थामा सुधारका लागि आवश्यक कृयाकलाप | मुख्य जिम्मेवारी | | | समयावधी | थप आर्थिक दायित्व व्यहोर्न | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयन कर्ता | | पर्ने (अनुमानित लागत रु. हजारमा) | नपर्ने |
| | | ४.४ लैससासमैत्री आचरण, भाषा, व्यवहारको प्रयोग | लैससास सम्पर्क व्यक्ति | प्र.प्र.अ. | गाउँपालिका | निरन्तर | | नपर्ने |
| | | ४.५ स्थानीय तहको आयोजना तथा स्थानीय महिलाहरुको सक्रिय सहभागितामा वडा वडामा खुला दिसामुक्त पालिका, घरघरमा शौचालय, पिउने पानी, पोखरी निर्माण, टोल सफाइ अभियान जस्ता कार्यक्रम सञ्चालन गर्ने । | महिला बालबालिका शाखा | प्र.प्र.अ. | गाउँपालिका | २०७९ पुष | | |
| | | ४.६ स्थानीय तहका भवन, भौतिक पूर्वाधार तथा अन्य संरचना निर्माणको लागि ड्रइङ, डिजायन, लागत अनुमान तयार गर्दाका बखत संरचना निर्माण भएपछि महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिले निर्वाध प्रयोग गर्न सकिने गरी लैङ्गिक तथा यौनिक अल्पसंख्यक, बालबालिका र अपाङ्गता मैत्री / संवेदनशील संरचनाको प्रावधान गर्ने | पुर्वाधार शाखा | प्र.प्र.अ. | गाउँपालिका | २०७९ श्रावण देखि | | |
| **५. सुशासन तथा उत्तरदायित्व** | | | | | | | | |
| २० | १६ | ५.१ सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण, लैससास परिक्षण, गुनासो सुनुवाई, सामुदायिक सुचना पाटी, नागरिक वडापत्र जस्ता सामाजिक जवाफदेहिताका औजारहरुको कार्यान्वयन | प्र.प्र.अ. | गाउँ कार्यपालिका | गाउँपालिका | निरन्तर | | नपर्ने |
| | | ५.२. सार्वजनिक महत्वका सूचनाहरु स्थानीय संचार माध्यम तथा सूचना पाटी वा सवैको पहुँचमा हुने स्थानमा स्थानीय भाषाबाट समेत सर्वजनिकिकरण | सूचना प्रविधि शाखा | प्र.प्र.अ. | सूचना प्रविधि शाखा | निरन्तर | | नपर्ने |

| पूर्णाङ्क | प्राप्ताङ्क | अवस्थामा सुधारका लागि आवश्यक कृयाकलाप | मुख्य जिम्मेवारी | | | समयावधी | थप आर्थिक दायित्व व्यहोर्न | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयन कर्ता | | पर्ने (अनुमानित लागत रु. हजारमा) | नपर्ने |
| | | ५.३ लैससासका राम्रा अभ्यासहरु, घटना अध्ययन आदिको प्रकाशन गर्ने | प्र.प्र.अ. | गाउँ कार्यपालिका | महिला तथा बालबालिका शाखा | २०७९ कार्तिक देखि | | नपर्ने |
| | | ५.४ लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरूको पहुँचका लागि सूचना, शिक्षा र संचारको (IEC materials) विकास र प्रवाह | लैससास सम्पर्क व्यक्ति | प्र.प्र.अ. | महिला बालबालिका शाखा | निरन्तर | १०० | |
| | | ५.५ बालमैत्री स्थानीय शासन कार्यक्रमको अवलम्वन एवम् विकास | लैससास सम्पर्क व्यक्ति | प्र.प्र.अ. | महिला बालबालिका शाखा | २०८० असार मसान्त सम्म | ३००० | |
| | | ५.६ जातीय विभेद र छुवाछुत सम्बन्धी सामाजिक, सांस्कृतिक र धार्मिक कुरीति र अभ्यास हटाउनका लागि अभियान र चेतनामुलक कार्यक्रम संचालन | लैससास सम्पर्क व्यक्ति | प्र.प्र.अ. | महिला बालबालिका शाखा | आवश्यकता अनुसार | | नपर्ने |

## १२. निष्कर्ष तथा सुझाव

शिवपुरी गाउँपालिकामा लैङ्गिक संवेदनशिलताको विकास भएको पाईएको छ । गाउँपालिकाको नीति कार्यक्रममा लैङ्गिक समानता सामाजिक समावेशीकरणसँग सम्बन्धित विषय तथा कार्यक्रमहरुलाई मूलप्रवाहीकरणमा ध्यान दिइएको पाईएको छ। तर यस विषयमा सवै तहका कर्मचारी तथा पदाधिकारीमा समान बुझाईको कमी देखियो । जसले गर्दा गाउँपालिकामा लैंससास सवालहरु पहिचान गर्न अप्ठ्यारो भएको र लैंससास संवेदनशील योजना, बजेटको तर्जुमा, कार्यान्वयन र अनुगमन लैंससासको दृष्टिकोणबाट कमी भएको पाईयो । गाउँपालिकामा कार्यरत कर्मचारीहरुमा महिला विकास सम्वन्धी सकारात्मक भावनाको विकास भएता पनि महिला विकासको कार्यक्रममा प्रयाप्त बजेटको कमी पाईयो । गाउँपालिकामा लैंससासमैत्री सकारात्मक केहि व्यवहारहरु भए पनि गाउँपालिकाको आवधिक, वार्षिक र क्षेत्रगत योजनाको लक्ष्य, उद्देश्य, नीतिहरुमा लैससासको दृष्टिकोणबाट केलाएर हेर्दा लैससास संवेदनशिलताका लागि सुधारका क्षेत्रहरु रहेको पाईयो ।

गाउँपालिकामा लैससास सम्पर्क व्यक्तिको व्यवस्था भए पनि लैससास मूलप्रवाहीकरण सम्वन्वय समिति गठन नभएको र यस समितिको गठन एवम् सक्रियता आवश्यक देखिएको छ। गाउँपालिकाले पूर्व लोकसेवा तयारी कक्षा संचालनको व्यवस्था गर्न नसकेको र लैंङ्गिक र महिला विकासमा संलग्न संस्थाहरुसंग सहकार्यमा काम गर्दै आइरहेको भएपनि बजेट विनियोजन गर्दा लैससास मूलप्रवाहीकरणका लागि प्रयाप्त बजेट विनियोजन गर्न आवश्यक देखिएको छ। गाउँपालिकाले तर्जुमा गरेका ऐन, नियम र आवधिक गाउँ विकास योजनामा लैससास विषयमा कम महत्व दिएको र कार्यान्वयनमा सुधार ल्याउन आवश्यक देखिन्छ। सम्पूर्ण उपभोक्ता समितिमा ३३ प्रतिशत महिला हुनैपर्ने नीति निर्माण भएको तर उपभोक्ता समितिहरुमा महिलाहरुको सक्रिय सहभागितामा वृद्धि गराउन आवश्यक देखिन्छ ।

शिवपुरी गाउँपालिकाले महिला शसक्तिकरणको कार्यक्रममा केही बजेट विनियोजित गरी कार्यान्वयन गरे पनि प्रयाप्त बजेटको व्यवस्था  हुन आवश्यक देखिन्छ। गाउँपालिकाको नीति, निर्देशिका तथा बजेट निर्माताहरुमा लैससास सम्बन्धि ज्ञानको वृद्धि गर्न आवश्यक छ। योजना, बजेट तर्जुमा  गर्दा महिला सहभागिताहरुको संख्यामा वृद्धि गर्न आवश्यक छ। सामाजिक विकासमा विनियोजित बजेटले लैससास कार्यक्रमहरुलाई लक्षित गर्न आवश्यक देखिन्छ ।

गाउँपालिका अन्तर्गत संचालित अन्तराष्ट्रिय संघ संस्थाहरुको विकास कार्यक्रममा बालबालिका, पिछिडिएका वर्ग र महिलाहरुको सवाललाई बढि समेटिएकोले यसले महिला सशक्तिकरणमा विशेष जोड दिएको पाईयो र यस्ता कार्यक्रमलाई पर्याप्त मात्रामा बजेट गाउँपालिकाले विनियोजित गर्न आवश्यक देखिन्छ।  गाउँपालिकामा लैससास विषयलाई बलियो पार्न आवधिक तथा बार्षिक योजनाको लक्ष्य, उद्धेश्य, कार्यक्रम, नीति, निर्देशिकामा लैससास संवेदनशिल बनाउन आवश्यक छ। गाउँपालिकामा कार्यरत सम्पुर्ण कर्मचारीमा यस विषयको बारेमा क्षमता वृद्धि गर्न आवश्यक छ। लैससास डेस्क स्थापना लगायत महिलाहरुको नीति निर्माण तहमा सहभागितामा वृद्धि गर्न आवश्यक छ र गाउँपालिकामा लैससास परीक्षण पद्धतिलाई संस्थागत गरी नियमित रुपमा परीक्षण गर्न आवश्यक देखिन्छ ।

# कार्यशाला सहभागि विवरण

DATE:

आज मिति २०८१।०३।२० गतेका दिन शिवपुरी गा.पा. हलमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण सम्बन्धि १ दिने कार्यशाला गोष्ठी शिवपुरी गा.पा. अध्यक्ष श्री गोविन्द प्रसाद थपलिया ज्यू को अध्यक्षतामा तपसिल उपस्थितिमा सम्पन्न गरियो ।

उपस्थिति — हस्ताक्षर

१. श्री गोविन्द प्रसाद थपलिया - गा.पा. अध्यक्ष
२.
३. श्री ज्ञानेन्द्र प्रसाद भट्ट - प्र.प्र.अ.
४. श्री गंगादेवी घिमिरे - लेखा अ.
५. श्री विष्णु प्रसाद न्यौपाने . अधिकृत सातौं
६. श्री सुरेश थापा - शाखा अधिकृत
७. श्री उद्धव कार्की - स्वा.शा.प्र.
८. श्री केशव प्रसाद रिजाल वडा अध्यक्ष वडा नं ८
९. श्री राज बहादुर थापा प्रमुख शिक्षा शाखा
१०. विष्णु श्रेष्ठ वडा अध्यक्ष वडा नं. ६
११. मालती पोखरेल — मालती
१२. भगवती बुढाथोकी वडा ६ कार्यपालिका सदस्य
१३. भरत कुमारी थापा वडा ८ वडा सदस्य
१४. सर्मिला सुनार
१५. रिता नेपाली वडा ८ कार्यपालिका स — Rita
१६. सावित्री रिजाल वडा नं. ३ कार्यपालिका सदस्य — Rinjal
१७. जानुका स्वाती सुनार वडा नं. ५ कार्यपालिका सदस्य
१८. देवी बहादुर उप्रेती वडा नं. ८ कार्यालय सहायक
१९. जितेन्द्र खत्री शिवपुरी १ वडा सदस्य
२०. केशव न्यौपाने वडा सचिव
२१. सानुकान्छा श्रेष्ठ वडा नं. २ के. वडा
२२.
२३. निर्मला वि.अ. सदस्य
२४. सुनतली वि.अ. सदस्य
हरि बहादुर तमाङ

DATE:

| | | | |
|---|---|---|---|
| २५) | सावित्री जोशी | सदस्य | सावित्री |
| २६) | मान बहादुर | वडा नं. ६ | [illegible] |
| २७) | ज्ञानुमाया तामाङ | सदस्य | मान ज्ञानुमाया |
| २८) | विशाल थापा | सदस्य | [illegible] |
| २९) | प्रमोद शेख | कार्यालय सहयोगी | [illegible] |
| ३०) | प्रेम बहादुर तामाङ | | [illegible] |
| ३१) | राजकुमार श्रेष्ठ | कार्यालय सहयोगी | [illegible] |
| ३२) | मञ्जु तामाङ | सदस्य | [illegible] |
| ३३) | राधिका विक | सदस्य | राधिका |
| ३४) | कमला तामाङ | सदस्य | कमला |
| ३५) | राम बा. पाठक | सदस्य - ८ | [illegible] |
| ३६) | सरिता नेपाली | सदस्य - ८ | Sarita |
| ३७) | नारायण पाण्डे | (वडा सचिव - ६) | [illegible] |
| ३८) | सुमना के.सी | (वडा सचिव - २) | [illegible] |
| ३९) | जुनु कुमारी तामाङ | सदस्य | जुनु |
| ४०) | पार्वती विक, | सदस्य | पार्वती |
| ४१) | अककुल ब तामाङ | सदस्य - ८ | [illegible] |
| ४२) | सुजन आचार्य | (वडा सचिव - ५) | [illegible] |
| ४३) | जानुका नेपाली | सदस्य | [illegible] |
| ४४) | करुणा थापा | सहजकर्ता/IDEA | [illegible] |
| ४५) | विनोद प्रकाश लुइटेल - प्रोपराईटर/IDEA | | [illegible] |
| ४६) | लोक बहादुर थापा | सहजकर्ता IDEA | [illegible] |

<u>**कार्यक्रमका फोटोहरु**</u>






तथा सामाजिक समावेशीकरण परीक्षण
कार्यशाला
(GESI Audit)
मितिः २०७९ असार २०
सहजीकरण
Innovative Development
& Research Alliance
(IDEA)
आयोजक
शिवपुरी गाउँपालिका
शिवपुरी गाउँपालिकाको कार्यालय

**धन्यवाद ।**